# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल भाषिक दृष्टिकोणले  अत्यन्त समृद्ध, जातीय र साँस्कृतिक विविधता भएको बहुभाषिक मुलुक हो । यहाँ भोटबर्मेली परिवारका, भारोपेली परिवारका, आग्नेय परिवारका र द्रविड परिवारका गरी जम्मा चार परिवारका भाषा बोलिन्छन् । यी मध्ये नेपाली भाषालाई मातृभाषाका रुपमा प्रयोग गर्ने मानिसहरू ५०.३% छन् भने बाँकी ४१.७% मानिसहरू नेपाली भाषालाई सम्पर्क भाषाका रुपमा प्रयोग गर्ने गर्दछन् (प्रज्ञा, ७९/२०५०) । यसरी नेपालमा नेपाली भाषा मातृभाषा, सम्पर्क भाषा र माध्यम भाषाका रुपमा व्यवहृत हुँदै आएकाले यसको गरिमा विशिष्ट प्रकृतिको छ । त्यसैले यसका विविध पक्षका बारेमा निरन्तर रुपमा अध्ययन अनुसन्धान भइरहनु आवश्यक छ ।

नेपाली भाषाका सम्बन्धमा नेपाल अधिराज्यको संविधान २०६३ भाग १ धारा ५ ले निम्नानुसार परिभाषित गरेको छ -

१. नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् ।

२. देवनागरी लिपिमा नेपाली भाषा सरकारी  कामकाजको भाषा हुनेछ ।

३. उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यलयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन । त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्नेछ ।

यसरी अन्तरिम संविधान अनुसार नेपालमा बोलिने सबै भाषाहरू राष्ट्रभाषा हुन्  र देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ । तर नेपालमा बोलिने अन्य मातृभाषाहरू स्थानीय निकाय तथा कार्यालयमा प्रयोग गर्न पाइनेछ  र यस्तो अवस्थामा मातृभाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्नेछ भनिएबाट पनि नेपाली भाषाको महत्त्व प्रष्ट हुन्छ ।

व्यवहारमा प्रयुक्त हुने शब्दहरूको समष्टिगत रूप शव्दभण्डार हो । भाषा सिकाइमा शब्दभण्डारलाई महत्त्वपूर्ण पक्षका रूपमा लिइएको पाइन्छ । शब्दभण्डारकै आधारमा बोध र अभिव्यक्ति क्षमताको विकास हुन्छ । वास्तवमा जुन भाषामा प्रचुर मात्रामा शब्दभण्डार रहेको हुन्छ त्यो भाषा नै सबल तथा सक्षम भाषा मानिन्छ । मानिसमा ज्ञान र अनुभव वृद्धि गर्नका निम्ति शब्दभण्डारको विस्तार हुनुपर्छ । पर्याप्त शब्दभण्डारको अभावमा विचार

विनिमय गर्न कठिन हुने कुरा प्रष्ट छ । मानिसले आफू बोल्दा शब्दभण्डारको अभाव भएमा नैराश्यको अनुभव गर्दछ । ऊ अरुका भावना ग्रहण गर्न पनि सक्दैन र आफ्ना भावनाहरू अरूसमक्ष पुऱ्याउनसक्दैन । त्यसैले विद्यार्थीहरूको आवश्यकता र स्तरअनुरूप शब्दभण्डार क्षमताको विकास भए, नभएको अध्ययन अनुसन्धान हुनु समसामयिक सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण देखिन्छ ।

## १.२. शोधशीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक "कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन" रहेको छ ।

## १.३. शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको (नेपा. शि.। ५९८) पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.४. समस्याकथन

यो शोधकार्यलाई निम्न लिखित समस्यामा केन्द्रित गरिएको छ :

(क) कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको पठित शब्दभण्डारसम्बन्धी क्षमता के कस्तो छ ?

(ख) सरकारी र निजी क्षेत्रका विद्यार्थीको शब्दभण्डार क्षमतामा के-कस्तो अन्तर छ ?

(ग) शब्दभण्डार क्षमतामा छात्र-छात्राबीच क कस्तो अन्तर छ ?

(घ) ग्रामीण र शहरी क्षेत्रका विद्यार्थीको शब्दभण्डार क्षमतामा के-कस्तो अन्तर छ ?

(ङ) नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको शब्दभण्डार क्षमता के-कस्तो छ ?

## १.५. उद्देश्यकथन

यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :-

(क) कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको पठित शब्दभण्डारको क्षमता पहिचान गर्नु ।

(ख) निम्नलिखित आधारहरूमा कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु :

१. विद्यालयको स्वरूप　　२. स्थानीयता

३. लिङ्ग　　४. भाषिक पृष्ठभूमि

ग) कक्षा ६ पूरा गरको विद्यार्थीहरूको शब्दभण्डार क्षमता अभिवृद्धि गर्ने उपायहरू पहिल्याउनु ।

### १.६. प्राक्कल्पना

१. सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा सार्थक अन्तर छैन ।

२. ग्रामीण र शहरी क्षेत्रका विद्यार्थीको शब्दभण्डार क्षमतामा सार्थक अन्तर छैन ।

३. छात्र-छात्राको शब्दभण्डार क्षमतामा सार्थक अन्तर छैन ।

४. पहिलो भाषाकारूपमा र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा सार्थक अन्तर छैन ।

### १.७. प्रस्तुत अध्ययनमा प्रयुक्त विशिष्ट पद तथा पदावलीहरू

**शब्दभण्डार :** यस शब्दले कक्षा ६ को 'हाम्रो नेपाली किताब'मा प्रयुक्त समग्र शब्दहरूको भण्डारलाई जनाउँछ ।

**पहिचानात्मक शब्दभण्डार :** यस पदावलीले कक्षा ६ को 'हाम्रो नेपाली किताब'मा प्रयुक्त बोध पक्षका लागि मात्र उपयोगी हुने निष्क्रिय प्रकृतिका शब्दहरूलाई जनाउँछ ।

**उत्पादनात्मक शब्दभण्डार :** यस पदावलीले कक्षा ६ को 'हाम्रो नेपाली किताब'मा प्रयुक्त मौखिक तथा लिखित अभिव्यक्तिका लागि विद्यार्थीहरूले वारम्बार उपयोग गरिरहने सक्रिय प्रकृतिका शब्दहरूलाई जनाउँछ ।

### १.८. अध्ययनको औचित्य

नेपाली भाषामा शब्दभण्डार क्षमता बढाउनका लागि प्रथमतः शब्दज्ञानको वृद्धि गर्दै लानु आवश्यक छ । यस क्रममा पाठ्यसामग्री तथा सहायक सामग्रीमा रहेका शब्दहरूको ज्ञान अर्थबोध र प्रयोगका दृष्टिले हुनुपर्दछ (पराजुली, २०५७) । तर भाषाका सबै पक्षलाई पाठ्यपुस्तकमा समावेश गर्न सकिदैन । शब्दभण्डार छनोटका क्रममा छनोटकर्ताले आफ्नो अनुभव र क्षमताको प्रदर्शन नगरी आवृति, विस्तरण, प्राप्यता, व्यापन (अधिकारी, २०५९) जस्ता आधारहरूलाई अवलम्बन गरिनुपर्दछ । शब्दको चयन गर्दा यसो गरिएन भने विद्यार्थीको तहअनुसार शब्दभण्डार वृद्धि नहुन सक्छ । त्यसैले पाठ्यपुस्तक निर्माण गर्दा शब्दभण्डारसम्बन्धी व्यापक अध्ययन हुनु जरुरी छ । यसै महत्त्वलाई दृष्टिगत गरी यस अध्ययनको औचित्यलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

(क) कक्षा ६ का लागि निर्धारित नेपाली भाषाको पाठ्यपुस्तकमा समावेश गरिएको शब्दभण्डारमा विद्यार्थीको सामर्थ्य पहिल्याउन सकिनेछ ।

(ख) कक्षा ६ को पाठ्यपुस्तक तयार गर्दा के कस्तो प्रकृतिको शब्दभण्डार समावेश गर्नुपर्ने हो सोको जानकारी हुनेछ ।

(ग) उक्त जानकारीबाट भाषा पाठ्यपुस्तकका लागि आवश्यक शब्दभण्डारको छनोट र अनुक्रम पहिल्याउन मद्दत पुग्नेछ ।

## १.९. शोध सीमा

यस अध्ययनका निम्नलिखित सीमाहरू रहेका छन् :

१. प्रस्तुत अध्ययन काठमाण्डौ जिल्ला भित्रका ४ सरकारी र ४ निजी विद्यालयका विद्यार्थीहरूको परीक्षणमा सीमित छ ।

२. यस अध्ययनको निष्कर्ष जम्मा ८ विद्यालयका कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमताको परीक्षणबाट प्राप्त सत्य तथ्यको विश्लेषणमा सीमित छ ।

३. उक्त शब्दभण्डार कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट शब्दभण्डारमा सीमित छ ।

४. यो नमुनाका रूपमा लिइएका ८ विद्यालयका ६ कक्षा पूरा गरेका विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययनमा सीमित छ ।

## १.१०. अध्ययन विधि

### १.१०.१ जनसङ्ख्या तथा नमूना

प्रस्तुत अध्ययन कक्षा ६ उत्तीर्ण विद्यार्थीहरूको शब्दभण्डार सामर्थ्य पहिल्याउने कुरामा केन्द्रित भएकोले शैक्षिक सत्र २०६१/०६२ को कक्षा ६ पूरा गरेका विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याका रूपमा लिइयो छ । सम्पूर्ण विद्यार्थीलाई अध्ययनमा समेट्न असम्भव भएकाले काठमाडौं जिल्लाका महानगरपालिभित्रका २ सरकारी र २ निजी अनि महानगरपालिका बाहिरका २ सरकारी र २ दरले जम्मा १८० विद्यार्थीलाई नमूनाका रुपमा छनोट गरियो । उक्त विद्यालयका ती विद्यार्थीलाई विद्यालयको स्वरूप (सरकारी र निजी), लैङ्गिक दृष्टि (छात्र र छात्रा), स्थानीयता (गाउँ र सहर), भाषिक पृष्ठभूमि (पहिलो भाषा र दोस्रो भाषा) का आधारमा वर्गीकरण गरियो ।

### १.१०.२ शब्द संकलन तथा सामग्री निर्माण

कक्षा ६ को नेपाली किताबका ५५० शब्दहरूलाई सूचीबद्ध गरियो । सूचीबद्ध शब्दहरूलाई नाम, विशेषण, क्रियापद, अव्यय आदिको छुट्टाछुट्टै सूची तयार गरी वर्गीकरण गरियो । त्यसपछि उक्त सूचीको आधारमा समानुपातिक प्रतिशत हेरी तदनुरूप सङ्ख्यामा

हरेक वर्गका शब्दहरूको समुचित प्रतिनिधित्व हुने गरी जम्मा १०० वटा शब्दहरू पुनः सूचीबद्ध गरियो । उक्त शब्दहरूबाट प्रश्न निर्माण गरियो । प्रश्नहरूलाई २ खण्डमा विभाजन गरियो । खण्ड क मा पहिचानात्मक प्रकृतिका ५५ प्रश्न र खण्ड ख मा उत्पादनात्मक प्रकृतिका ४५ प्रश्न निर्माण गरियो । पहिचानात्मकअन्तर्गत बहुविकल्पी, पर्यायवाची, विपरीतार्थी प्रकृतिका उपयुक्त शब्द छनोट गरी खाली ठाउँ भर्ने प्रकृतिका प्रश्न निर्माण गरियो भने उत्पादनात्मकअन्तर्गत परिभाषाका आधारमा खाली ठाउँ भर्ने वाक्यमा प्रयोग गर्ने, सन्दर्भका आधारमा खाली ठाउँ भर्ने प्रकृतिका प्रश्न समावेश गरिए । यसरी परीक्षणका लागि बनाइएको सामग्री (प्रश्न) विद्यार्थीको पहिचानात्मक (निष्क्रिय) र उत्पादनात्मक ( सक्रिय) शब्दभण्डार क्षमताको पहिचान हुने किसिमले तयार पारियो ।

### १.१०.३ पूर्वपरीक्षण

प्रश्न निर्माण भइसकेपछि सर्वप्रथम विशेषज्ञहरूको समेत राय सल्लाह लिई आवश्यक हेरफेर गरी संशोधन गरियो । त्यसपछि सरकारी विद्यालयका २५ एवम् निजी विद्यालयका २५ जना विद्यार्थीहरूबाट प्रश्नहरूको पूर्वपरीक्षण गरियो । पूर्वपरीक्षणपश्चात् निम्न लिखित सूत्रहरूको प्रयोग गरी प्रश्नहरूको विश्लेषण गरियो ।

प्रश्नहरूको कठिनाइस्तर पत्ता लगाउन यो सूत्र प्रयोग गरियो ।

$$P=\frac{R}{T}\times 100$$

यहाँ P=प्रश्नहरूको कठिनाइस्तर

R=सही उत्तर दिने विद्यार्थीको सङ्ख्या

T=कुल विद्यार्थी सङ्ख्या

विभेददर्शी सूचक पत्ता लगाउने सूत्र

$$D=\frac{R_u - R_l}{\frac{1}{2}T}$$

यस सूत्र अनुसार D= विभेददर्शी सूचक

$R_u$=उच्च स्तरीय समूहमा सही उत्तर दिने विद्यार्थी सङ्ख्या

$R_l$=निम्न स्तरीय समूहमा सही उत्तर दिने विद्यार्थी सङ्ख्या

T=उच्च र निम्न स्तरीय समूहमा सही उत्तर दिने विद्यार्थी सङ्ख्या सङ्ख्या

## १.१०.४. प्रश्न परिमार्जन तथा परीक्षा कार्यान्वयन

प्रश्नहरूको विश्लेषणपश्चात् अनुपयुक्त प्रश्नहरूलाई शोधनिर्देशक तथा विशेषज्ञहरूको समेत परामर्श लिई परिमार्जन गरियो । त्यसरी परिमार्जन गरी अन्तिम रुप दिइएका प्रश्नहरूलाई नमुनामा समावेश गरिएका आठ विद्यालयका १८० जना विद्यार्थीलाई परीक्षाको औचित्य स्पष्ट पारी निर्धक्क भएर परीक्षा दिन आग्रह गरी परीक्षा सञ्चालन गरियो । परीक्षणपश्चात् पूर्वनिर्मित उत्तरकुञ्जिकाअनुसार जाँच गरियो । ठीक उत्तरमा १ र बेठीक उत्तरमा ० अङ्क प्रदान गरियो । पहिचानात्मक र उत्पादनात्मक प्रश्नको प्राप्ताङ्क छुट्टाछुट्टै अंकित गरियो । त्यसपछि विभिन्न वर्ग (सरकारी/निजी, छात्र/छात्रा, गाउँ/शहर, पहिलो भाषा/ दोस्रो भाषा) का प्राप्ताङ्कलाई छुट्टाछुट्टै तालिकीकरण गरियो । त्यस्ता तालिकाका प्राप्ताङ्कको मध्यमान निकालियो । मध्यमानबाट औसत विचलन कति माथि या तल छ भन्ने देखाउन प्रमापविचलन निकालियो । पहिचानात्मक र उत्पादनात्मक दुवै समूहको मध्यमान र प्रमापविचलन निकालियो । उच्च स्थान र निम्न स्थानमा पर्ने विद्यार्थीको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशतको प्रयोग गरी गणना गरियो । शब्दभण्डारमा स्थानीयता, लिङ्ग, विद्यालयको स्वरूप र भाषिक पृष्ठभूमिको आधारमा पर्ने असर परीक्षण गर्न z test (z परीक्षण) प्रयोग गरियो । z परीक्षणको सूत्र यस प्रकार छ :

$$Z = \frac{\overline{x_1} - \overline{x_2}}{\sqrt{\frac{\pm_1^2}{n_1} + \frac{\pm_2^2}{n_2}}}$$

z= z मान

$x_1$=पहिलो समूहको मध्यमान $x_2$=दोस्रो समूहको मध्यमान

$\sigma_1$=पहिलो समूहको प्रमाप विचलन $\sigma_2$=दोस्रो समूहको प्रमाप विचलन

$n_1$=पहिलो समूहको जम्मा सङ्ख्या $n_2$=दोस्रो समूहको जम्मा सङ्ख्या

साङ्ख्यिकीका पुस्तकमा दिइने तालिकाका आधारमा z मानको सार्थकता वा निरर्थकता सार्थकता तहमा जाँचबुझ गरियो र z = + १.९६ का आधारमा निष्कर्ष निकालियो ।

### १.११. अध्ययनको रूपरेखा

कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन शीर्षकमा प्रस्तुत शोधपत्रलाई निम्नलिखित ५ परिच्छेदमा विभाजन गरिएको छ :

१. पहिलो परिच्छेद : शोध परिचय

२. दोस्रो परिच्छेद : पूर्वकार्यको समीक्षा

३. तेस्रो परिच्छेद : शब्दभण्डारको सैद्धान्तिक अवधारणा

४. चौथो परिच्छेद : व्याख्या तथा विश्लेषण

५. पाँचौ परिच्छेद : निष्कर्ष र सुझावहरु

# परिच्छेद दुई

## पूर्वकार्यको समीक्षा

विगतका अनुभवले नै वर्तमानलाई अगाडि बढ्न प्रेरणा दिने हुँदा जुनसुकै अध्ययनकाका लागि पनि पूर्वकार्यको अध्ययनको खाँचो पर्छ । पूर्वकार्यको अध्ययन वीना वर्तमान कार्यलाई पूर्णता दिन असंभव प्रायः हुने हुँदा पूर्वकार्यको लेखाजोखा गर्नु आवश्यक हुन्छ ।

शब्दभण्डारसम्बन्धी अध्ययन नेपालभित्र मात्र नभई नेपाल बाहिर पनि प्रचुर मात्रामा भएको पाइन्छ । पाठ्यपुस्तकलाई सरल र स्तरीय बनाउन पनि शब्दभण्डारको अध्ययन अति महत्त्वपूर्ण हुन्छ । साथै पाठ्यक्रमहरू तथा पाठ्यपुस्तकहरू विद्यार्थीको उमेर र तहअनुरूप उपयुक्त छ, छैन भनेर थाहा पाउनका लागि विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमताको अध्ययन पनि एक महत्त्वपूर्ण अध्ययन भित्र पर्न सक्दछ ।

शब्दभण्डारसम्बन्धी हालसम्म केकस्ता अध्ययन तथा अनुसन्धान भएका रहेछन् भन्ने कौतुहलताका लागि विभिन्न लेखक र अनुसन्धानकर्ता तथा विद्वान्हरूका कृतिहरूको अध्ययनबाट निम्न निष्कर्षहरू निकालिएको पाइन्छ :

सन् १९२१ मा प्राथमिक तहमा पढ्ने विद्यार्थीले प्रयोग गर्ने आधारभूत शब्दहरूका बारेमा अनुसन्धान गर्ने कार्यको थालनी सर्वप्रथम थर्नडाइकले गरेका थिए । सन् १९२६ मा हर्नले पनि यसै विषयमा प्रौढसम्बन्धी अध्ययन गरेका थिए । सन् १९२६ मा श्यामबोग एण्ड श्यामबोगले प्राथामिक तहका बालबालिकाहरूको शब्दभण्डारको अध्ययन अनुसन्धान गरेका थिए भने बकिङघम एवं डोल्चले सन् १९३६, रिन्सलैण्डले सन् १९४५, पियाजेले सन् १९५९ मा गरेका थिए । उक्त अध्ययनहरू भाषाविज्ञान तथा शब्दभण्डारको क्षेत्रमा निकै महत्त्वपूर्ण रहेको पाइन्छ (आचार्यः २०५४:२८) ।

सन् १९८३ मा शब्दभण्डारमा मात्रै केन्द्रित भएर भने राजेन्द्रकुमार रंगोङद्वारा अनुसन्धान भएको थियो । सन् १९८७ मा भारतको राष्ट्रिय शैक्षिक अनुसन्धान र प्रशिक्षण परिषद् (NCERT) का प्राध्यापक डा. कृष्णगोपाल रस्तोगीले UNESCO को सहयोगमा त्रि.वि. शिक्षा विकाश तथा अनुसन्धान केन्द्र (CERID) का लागि गरेको अध्ययनमा नेपाली शब्दभण्डारको चर्चा गरेको पाइन्छ । तर उक्त अध्ययन शब्दभण्डारमा भन्दा पनि कक्षा १–५ का नेपाली पाठ्यपुस्तकका विविध पक्षमा केन्द्रित रहेको पाइन्छ (शर्मा १९९७) । यसमा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारका बारेमा चर्चा गर्दा विद्यार्थीहरूको बौद्धिक

परिपक्वताभन्दा स्तरीय भएको, शब्दभण्डारको भार बढी भएको, पहिचानात्मक र उत्पादानात्मक शब्दहरूको चयनमा छनौट र स्तरणको सिद्धान्त पालन नगरिएको, शब्दभण्डारसम्बन्धी पर्यात अभ्यास नभएको जस्ता टिप्पणीहरू गरिएका छन् ।

प्राध्यापक डा. हेमाङ्गराज अधिकारी र प्राध्यापक डा. केदारप्रसाद शर्माद्वारा शब्दभण्डारमा मात्र सीमित रहेर काठमाण्डौ शिक्षा क्याम्पसद्वारा वि.सं. २०५२ मा कक्षा ३ (तीन) पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन नामक लघु अनुसन्धान भएको देखिन्छ । उक्त अध्ययन शब्दभण्डार क्षेत्रमा निकै उल्लेखनीय मान्न सकिन्छ । किनभने हालसम्म गरिएका अध्ययन अनुसन्धानमा यो अनुसन्धान निकै व्यवस्थित, भरपर्दो तथा सम्बन्धित विषय क्षेत्रमा मात्र सीमित रहेर गरिएको अनुसन्धान हो । उक्त अनुसन्धानको निष्कर्ष खण्डमा श्री अधिकारी तथा शर्माले शब्दभण्डारसम्बन्धी क्षमता सन्तोषजनक भएको, छात्राको तुलनामा छात्र अलिक अग्रपंक्तिमा रहेको, पहिलो भाषा नेपाली हुने र दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूका बीचमा खास अन्तर नरहेको, शब्दभण्डारसम्बन्धी क्षमतामा पनि समग्रमा राम्रो परिणाम नरहेको, पहिचानात्मक शब्दभण्डारसम्बन्धी समग्र रूप त्यति धेरै सन्तोषजनक नरहेको कुराहरू उल्लेख गरिएका छन् । त्यसैगरी भाषिक पृष्ठभूमिले उत्पादनात्मक शब्दभण्डारसम्बन्धी क्षमतामा ठूलो असर नपरे तापनि स्थानगत दृष्टिले भने समग्रमा नगरका छात्र-छात्राका तुलनामा ग्रामीण छात्र-छात्राको स्तर तल रहेको भन्ने निष्कर्ष निकालिएको पाइन्छ (भण्डारी : २०६०:२१) ।

शब्दभण्डारसम्बन्धी अर्को अध्ययन वि.सं. २०५४ सालमा होमप्रसाद आचार्यले गरेका छन् जसको शीर्षक 'कक्षा ५ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमताको अध्ययन' रहेको छ । उक्त अध्ययन त्रि.वि. शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षण विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको पाँचौं पत्रको आंशिक आवश्यकता परिपूर्तिका लागि शोधग्रन्थ तयार गर्ने क्रममा गरेका हुन् । यसमा उनले कक्षा ५ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन गर्दा शब्दभण्डारसम्बन्धी क्षमता सन्तोषजनक रहेको, पहाड र तराईका तुलनामा काठमाण्डौका विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी अलि कमजोर भएको, छात्र र छात्राको शब्दभण्डारसम्बन्धी क्षमता समान रहेको पहिलो भाषा नेपाली हुने र दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमतामा स्पष्ट भिन्नता रहेको कुरा उल्लेख गरेका छन् ।

शब्दभण्डारसम्बन्धी अर्को अध्ययन केदारप्रसाद शर्मा र पारसमणि भण्डारीले २०५४ सालमा गरेका छन्, जुन अध्ययन 'प्राथमिक शिक्षाका बालबालिकाको शब्दभण्डार' शीर्षकमा गरिएको छ । प्राथमिक पाठ्यक्रम, पाठ्यपुस्तक विकास एकाइ, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना सानोठिमीको आयोजनामा गरिएको उक्त अध्ययन प्रतिवेदनमा कक्षा १ - ३ नेपाली, मैथिली, तामाङ, थारू र राई मातृभाषी विद्यार्थीहरूबाट दुईहजारभन्दा बढी शब्द सङ्कलन गरी तिनको विश्लेषण गरिएको भए तापनि उक्त शब्दसूचीलाई आवृत्ति गणना र वर्णनुक्रममा राखी अन्तिम निष्कर्ष दिने कार्य पूरा भएको पाइँदैन । तर शब्द सङ्कलनका दृष्टिले उक्त कार्य उल्लेखनीय रहेको पाइन्छ । वि.सं. २०५५ सालमा शिवकुमार गौतमले 'कक्षा ३ को मेरो नेपाली किताबमा समाबिष्ट शब्दभण्डारको अध्ययन शीर्षकमा गरिएको अनुसन्धानको निष्कर्षमा शब्दवर्गलाई समानुपातिक स्थान नदिएको, पाठको लम्बाइमा एकरूपता नरहेको, छनोट र स्तरणमा ध्यान नदिएको निष्कर्ष निकालेका छन् ।

२०५६ मा तेजप्रसाद खनालले 'मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना' शीर्षकमा अध्ययन गरेका छन् भने सीता ज्ञवालीले पनि कक्षा ६ को 'हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन' शीर्षकमा शोधग्रन्थ तयार गरेकी छन् ।

अर्को शब्दभण्डारसम्बन्धी अध्ययन २०५७ मा 'कक्षा ७ को हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दभण्डारको विश्लेषण' शीर्षकमा निर्मल ज्ञवालीद्वारा त्रि.वि. शिक्षाशास्त्र संकायअन्तर्गत महेन्द्ररत्न क्याम्पस ताहाचलबाट स्नातकोत्तर तह पाँचौं पत्रको आंशिक आवश्यकता परिपूर्तिका लागि शोधग्रन्थ तयार गर्ने क्रममा गरिएको हो । शब्दको स्रोत र वर्ग पहिचान, आवृत्तिगणना, वर्गगत र स्रोतगत वितरणको स्थिति देखाउने उक्त अध्ययनको उद्देश्य रहेको छ (भण्डारी : २०६३) ।

यसैगरी शब्दभण्डार सम्बन्धी नै अर्को अध्ययन वि.सं २०५७ सालमा पूर्ण बहादुर कार्कीले गरेका छन् । यसको शीर्षक 'कक्षा २ को मेरो नेपाली किताबमा समाबिष्ट शब्दभण्डारको विश्लेषण' रहेको छ । अध्ययनको निष्कर्षमा कक्षा २ को मेरो नेपाली किताबमा समाबिष्ट शब्दभण्डारको प्रयोगलाई विश्लेषण गर्दा समानुपातिक दृष्टिले स्थान नदिइएको, आयामका दृष्टिले कुनै पाठ लामा र कुनै पाठ अति छोटा भएकाले अनुपात नमिलेको, अनावश्यक रूपमा शब्दको आवृत्ति भएको निष्कर्ष निकालिएको छ (अधिकारी: २०६०) ।

यसैगरी शब्दभण्डारसम्बन्धी नै अर्को अध्ययन वि.सं. २०६० सालमा बालकुमारी भट्टराईले गरेकी छन् । यसको शीर्षक 'कक्षा ९ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' रहेको छ । अध्ययनको निष्कर्षमा शब्दहरूको जटिलता क्रमिक रूपमा उन्नयन गर्नेतर्फ ध्यान नदिइएको, कठिन शब्दहरूको अत्यधिक समावेशले गर्दा बोभिलो देखिने, पदवर्गका दृष्टिकोणले शब्दहरूको अनुपात मिले पनि नामवर्गका शब्दहरू बढी र क्रियाविशेषणका शब्दहरू निकै कम पाइनु, छनोट र स्तरणका क्रममा त्यति ख्याल गरेको नपाइनु, भाषा सिकाइका दृष्टिकोणले तद्भव शब्दहरू भन्दा तत्सम् शब्दहरू बढी हुनु त्यति औचित्यपूर्ण नभएको पाइनु, मानिसको ज्ञान र अनुभवको वृद्धिसँग शब्दभण्डारमा पनि विविधता र गहनता थपिदै जानुपर्नेमा त्यसतर्फ ध्यान नदिइएको जस्ता कुरा उल्लेख छन् ।

यसै गरी अर्को अनुसन्धानमा केशवराज अधिकारीद्वारा वि.सं. २०६० मा कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन रहेको छ । उक्त अध्ययनको निष्कर्षमा समग्र शब्दभण्डार क्षमतामा विद्यार्थीहरूको उपलब्धिको मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलका विद्यार्थीहरूको उपलब्धि प्रतिशत भण्डै-भण्डै उति नै भएकाले तिनीहरूको समग्र शब्दभण्डार क्षमता पर्याप्त सन्तोषजनक मान्न नसकिने, ग्रामीण क्षेत्रका विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर र सहरी क्षेत्रका विद्यार्थीको शब्दभण्डार क्षमता सन्तोषजनक पाइएको, छात्राको तुलनामा छात्रको शब्दभण्डार क्षमता अगाडि रहेको, भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलो भाषा हुने बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र नेपाली दोस्रो भाषा हुने बहुप्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेको पाइएको छ । उमेर समूहका दृष्टिले १३-१४ वर्ष समूहका विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक देखिएको र १५-१६ बर्ष उमेर समूहको शब्दभण्डार क्षमता कमजोर रहेको कुरा उल्लेख छ ।

त्यसै गरी शब्दभण्डारसम्बन्धी अर्को अध्ययन २०६० सालमा पारसमणि भण्डारीद्वारा गरिएको पाइन्छ । उनले नेपाली विषयमा विद्यावारिधिको उपाधिको प्रयोजनका लागि 'प्राथामिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण' शीर्षकअन्तर्गत उक्त शोधकार्य गरेका हुन् । भण्डारीले आफ्नो शोधग्रन्थमा प्रा.वि. तह (कक्षा १-३) का विद्याथीहरूको आधारभूत नेपाली शब्दभण्डारको जम्मा शब्द सङ्ख्या निर्धारण गर्ने, निर्धारित आधारभूत शब्दभण्डारलाई अक्षर सङ्ख्या , पदवर्ग, विषयक्षेत्रका दृष्टिले वर्गीकरण

गर्ने, विश्लेषण गर्ने र विभिन्न प्रयोजनका लागि यस अनुसन्धानद्वारा निश्चित गरिएका कक्षागत (१-३) शब्दसूची सिफारिस गर्ने उद्देश्य निर्धारण गरेको पाइन्छ । भण्डारीले शोधमा प्राथमिक तहका १-३ कक्षाका विद्यार्थीहरूका लागि मोटामोटी ३००० शब्दहरूलाई आधारभूत शब्दभण्डारका रूपमा सिफारिस गरेका छन् । यस क्रममा विभिन्न पाठ्यसामग्री तथा मौखिक स्रोतबाट शब्द सङ्कलन गरी अधिराज्यका विभिन्न भौगोलिक तथा पारिवारिक पृष्ठभूमि भएका बालबालिकाबाट प्राप्त उपर्युक्त शब्दभण्डार अन्तर्राष्ट्रिय स्तरको कक्षागत बालशब्दभण्डारसँग मिल्दोजुल्दो रहेको निष्कर्ष भण्डारीले आफ्नो शोधग्रन्थमा उल्लेख गरेका छन् ।

अर्को अध्ययन २०६१ सालमा दामोदर ढुङ्गेलले 'काठमाण्डौ उपत्यकामा कक्षा ५ मा अध्ययनरत सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन'शीर्षकमा स्नातकोत्तर उपाधि प्राप्तिका लागि गरेका छन् । उक्त अध्ययन लिङ्ग, भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको तुलना गर्ने उद्देश्यमा केन्द्रित छ । शब्दभण्डार क्षमतामा छात्रभन्दा छात्रा अगाडि, सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता राम्रो र भाषिक पृष्ठभूमिले शब्दभण्डार क्षमतामा असर नगरेको उल्लेख गरेका छन् (भण्डारीः १२८) ।

वि.सं. २०६२ सालमा अञ्जु अर्यालले कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन शीर्षकमा अनुसन्धान कार्य गरेकी छन् । स्नातकोत्तर तहको उक्त शोधपत्रमा कक्षा ७ को ' हाम्रो नेपाली किताबमा समाविष्ट शब्दभण्डारमार्फत विद्यार्थीहरूको भाषिक क्षमताको पहिचान गर्नु र विद्यालयको स्वरूप, स्थानीयता र लिङ्गका आधारमा सो कक्षा पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ । उक्त अध्ययन समग्र शब्दभण्डार क्षमतामा हेर्दा बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा तल रहेकाले शब्दभण्डार क्षमता कमजोर रहेको, ग्रामीण क्षेत्रका विद्यार्थीभन्दा सहरी क्षेत्रका विद्याथीहरूको शब्दभण्डार क्षमता अगाडि रहेको, सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता बढी रहेको, छात्रभन्दा छात्राको शब्दभण्डार क्षमता अगाडि रहेको, उत्पादनात्मकभन्दा पहिचानात्मक शब्दभण्डार क्षमता बढी रहेको, पहिचानात्मक शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीहरूमा पनि शब्दभण्डार क्षमतामा अन्तर रहेको, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको बीचमा

पनि शब्दभण्डार क्षमतामा अन्तर रहेको र तुलनात्मक रूपमा पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो रहेको निष्कर्ष अर्यालले आफ्नो शोधग्रन्थमा उल्लेख गरेकी छन् ।

माथिको विवरणबाट के पुष्टि हुन्छ भने नेपाली भाषामा शब्दभण्डारसम्बन्धी अध्ययन नभएका त होइनन् तर अहिलेसम्मको अध्ययनलाई हेर्ने हो भने निकै कम मात्रामा मात्र भएको पाइन्छ । केही शब्दभण्डारसम्बन्धी अध्ययन शब्दभण्डारलाई नै प्रमुख पक्ष मानेर भइरहेका छन् भने केही अध्ययन शब्दभण्डार क्षमताको अध्ययनलाई एउटा पक्ष मानेर भइरहेका छन् । यस शोधकार्यबाट पनि कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान हुनुका साथै भविष्यमा हुने शब्दभण्डार क्षमताको अध्ययनमा आधार प्रदान गर्ने आशा गरिएको छ ।

## २.१. **निष्कर्ष**

यस दोस्रो परिच्छेदमा गरिएको पूर्वकार्यको समीक्षासम्बन्धी अध्ययनको निष्कर्ष यसरी प्रस्तुत गर्न सकिन्छ :

शब्दभण्डारसम्बन्धी अध्ययन सर्वप्रथम सन् १९२१ मा थर्नडाइकले प्रथामिक तहमा पढ्ने विद्यार्थीले प्रयोग गर्ने आधारभूत शब्दहरूका बारेमा गरेका थिए भने सन् १९२६ मा हर्नले प्रौढ सम्बन्धी अध्ययन गरेका थिए । सन् १९२९ मा श्यामबोग एण्ड श्यामबोगले, वकिङघम एवं डोल्चले सन् १९३६ मा, त्यसैगरी रिन्सलैण्डले सन् १९४५ मा, पियाजेले सन् १९५९ मा भाषाविज्ञान तथा शब्दभण्डारको क्षेत्रमा केन्द्रित भएर महत्त्वपूर्ण अनुसन्धान भएको पाइन्छ । राजेन्द्रकुमार रंगोङद्वारा शब्दभण्डारमा मात्रै केन्द्रित रहेर सन् १९८३ मा अनुसन्धान भएको पाइन्छ । सन् १९८७ मा UNESCO को सहयोगमा कृष्णगोपाल रस्तोगीले Project on Evaluation of Mahendramala series for class 1-5 मा नेपाली शब्दभण्डारको चर्चा गरेका छन् ।

शब्दभण्डार क्षमताको अध्ययनमा वि.सं. २०५२ सालमा हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माद्वारा गरिएको अनुसन्धान निकै उल्लेखनीय मान्न सकिन्छ । शब्दभण्डार सम्बन्धी अर्को अध्ययन २०५४ सालमा केदारप्रसाद शर्मा र पारसमणि भण्डारीले गरेका छन् ।

स्नातकोत्तर उपाधि प्रप्तिका लागि शब्दभण्डारका विषयमा अध्ययन गर्ने होमप्रसाद आचार्य २०५४, शिवकुमार गौतम २०५५, तेजप्रसाद खनाल, २०५६ निर्मल ज्ञवाली २०५७, पूर्णबहादुर कार्की २०५७, बालकुमारी भट्टराई २०६०, केशवराज अधिकारी २०६०, दामोदर

ढुङ्गेल २०६१, अन्जु अर्याल २०६२ आदि छन् । यी अध्ययन पाठ्यपुस्तकमा भएका शब्दहरूको अध्ययन, दुई पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डारबीच तुलना, विधागत शब्दभण्डार र शब्दभण्डार क्षमताको अध्ययन आदि शीर्षकमा भएका छन् । त्यस्तै वि.सं. २०६० सालमा पारसमणि भण्डारीद्वारा विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण शीर्षकको विद्यावारिधि शोधकार्य पनि शब्दभण्डारको क्षेत्रमा उल्लेखनीय अध्ययन रहेको छ ।

# परिच्छेद तीन

## शब्दभण्डारको सैद्धान्तिक अवधारणा

यस अध्यायमा शब्दभण्डारको सैद्धान्तिक अवधारणा शीर्षकअन्तर्गत नेपाली भाषा परिचय, नेपाली भाषाको शब्दभण्डार, शब्दभण्डारको वर्गीकरण, शब्दभण्डारको महत्त्व एवम् शब्दभण्डार र भाषा पाठ्यपुस्तकको सम्बन्ध आदि उपशीर्षकको चर्चा गरिएको छ ।

### ३.१. नेपाली भाषा

मानिसका निम्ति सबैभन्दा प्यारो ठूलो र नजिकको वस्तु हो भाषा । जीवनका यावत क्रियाकलाप चिन्तन मननको सबभन्दा सक्रिय माध्यम भाषा नै हुन्छ । गतिशील र उन्नत समाजको निर्माणमा भाषाले प्रमुख ठाउँ ओगट्छ । राष्ट्रका आवश्यकता र उपलब्धिका बाटामा आउने समस्याका हाँकहरूको सामना गर्न पनि भाषाको माध्यम महत्त्वपूर्ण हुन्छ ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो साथै बहुसङ्ख्यक नेपालीहरूको मातृभाषा पनि हो । नेपाली भाषा नेपालभित्र मात्र सीमित नभएर नेपालबाहिर पनि व्यापक क्षेत्रमा बोलिन्छ ।

संसारमा बोलिने विभिन्न परिवारका भाषामध्ये नेपालमा चार परिवारका भाषाहरू बोलिन्छन् । हरेक भाषाको आफ्नो परिवार हुन्छ । यस्ता थुप्रै परिवारमध्ये नेपालमा बोलिने भाषाहरूको सङ्ख्या ९२ रहेको २०५८ को जनगणनामा उल्लेख छ । तिनमध्ये भारोपेली परिवारका भाषा बोल्नेहरूको सङ्ख्या र भोटबर्मेली परिवारका भाषा बोल्नेहरूको सङ्ख्या क्रमशः ७९.१ र १८.४ प्रतिशत रहको छ (अधिकारी, २०६२: ८२) ।

नेपालमा बोलिने चार भाषा परिवार निम्नलिखित छन् –

१. भारोपेली भाषा परिवार

२. भोटबर्मेली भाषा परिवार

३. आग्नेसियाली भाषा परिवार

४. द्रविडेली भाषा परिवार

यिनमा नेपालमा प्रचलनमा रहेकामध्ये भारोपेली र भोटबर्मेली परिवारका भाषाहरूको सङ्ख्या अत्यधिक रहेको छ । भारोपेली भाषा परिवार संसारको सबैभन्दा ठूलो भाषा परिवार हो । भाषाको सङ्ख्याका दृष्टिले नेपालमा भोटबर्मेली परिवारको सर्वोच्च स्थान छ भने वक्ताको सङ्ख्याका दृष्टिले भारोपेली परिवारको सर्वोच्च स्थान छ (प्रज्ञाः ७९ अंक) । भारोपेली भाषा परिवारका धेरै भाषा अरू परिवारका भाषाभन्दा समृद्ध छन् । यस परिवार

अन्तर्गत अंग्रेजी, संस्कृत, रसियन, फ्रेन्च, रूसी, जर्मन आदि जस्ता प्रसिद्ध भाषाहरू पर्दछन् । ल्याटिन, ग्रिक, संस्कृत जस्ता साहित्यिक दृष्टिले सम्पन्न भाषाहरू पनि यसै परिवारअन्तर्गत पर्दछन् । भाषा वैज्ञानिक दृष्टिले पनि यो भाषा परिवार सर्वाधिक महत्त्वपूर्ण छ ।

भाषा, सभ्यता र संस्कृतिका दृष्टिले भारोपेली भाषा अन्य परिवारका भाषाभन्दा अगाडि रहेको छ । वैज्ञानिक प्रगति, व्यापकता, साहित्य, राजनीति आदि महत्त्वपूर्ण क्षेत्रमा अन्य परिवारका भाषाभन्दा यस परिवारका भाषा अगाडि रहेकाले भारोपेली भाषा परिवारका भाषा श्रेष्ठ भाषाहरूमा गनिन्छन् ।

भोटबर्मेली भाषा परिवार नेपालमा बोलिने भाषाहरूमा भाषासङ्ख्याको दृष्टिले ठूलो भाषा परिवार हो । १८.४ प्रतिशत व्यक्तिहरूले यस परिवारअन्तर्गतका भाषा बोल्ने गरेको पाइन्छ । भोटबर्मेली परिवारका भाषाहरूमा तामाङ, नेवारी, मगर, राई, गुरुङ, थकाली, चेपाङ, भुजेल, जिरेल, थामी, पहरी, शेर्पा, लिम्बू, धिमाल, मेचे, लेप्चा, राजी, बरामु, व्यासी आदि छन् ।

अन्य दुई परिवारमा आग्नेय परिवारको सतार/सत्याल, खारिया र द्रविड परिवारमा झाँगड/धागड, किसान गरी दुई दुई भाषाहरू नेपालमा बोलिन्छन् (अधिकारी, २०६२) ।

नेपालका अन्य भाषाभाषीहरूका तुलनामा नेपाली भाषीहरू यस देशका सबैजसो भेगमा वितरित रहेकाले सामाजिक सम्पर्कका दृष्टिले बढी सुविधामा रहेका देखिन्छन् । अन्य भाषाभाषीहरूले आफ्नो मातृभाषाभन्दा बाहिरी समाजसँग सम्पर्क गर्दाको असुविधा हटाउन नेपाली भाषा उनीहरूका लागि निकटतम विकल्पमा रहेको देखिन्छ । हाल नेपाली भाषाले नेपालको पूर्व्मा मेचीदेखि पश्चिममा महाकालीसम्म नै क्षेत्र विस्तार गरिसकेको अवस्था छ । यस भाषाका विभिन्न क्षेत्रीय भाषिका विकसित छन् । २०५८ को जनगणना अनुसार ३८.६१ प्रतिशत जनताको मातृभाषा नेपाली रहेको छ । नेपाली भाषाले राष्ट्रभाषाका रूपमा मान्यता पाएकाले यो नेपालभित्रका अन्य मातृभाषा हुने व्यक्तिहरूको साझा सम्पर्क भाषासमेत बन्न पुगेको छ । संवैधानिक मान्यता पाउनु, शिक्षा, संचार र प्रकाशनको माध्यमका रूपमा प्रयोग हुनु, साहित्यिक कृतिहरू प्रकाशन हुनु, नेपाललगायत बेलायत र अमेरिका जस्ता देशहरूमा नेपाली भाषामा गहन अध्ययन अनुसन्धान हुनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयमा पठनपाठन हुनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय संचार माध्यमबाट कार्यक्रम प्रसारण हुनुले नेपाली भाषाले अन्तर्राष्ट्रिय व्यापकता प्राप्त गरेको देखिन्छ ।

### ३.२. **नेपाली भाषाको शब्दभण्डार**

एक वा एकभन्दा बढी अक्षरले बनेका स्वतन्त्र, अर्थपूर्ण लघुत्तम भाषिक एकाइ शब्द हुन् । भाषाको अधारभूत एकाइको रूपमा चिनिने शब्द भाषाको सार्थक स्वतन्त्र एकाइ हो ( कार्की, २०६२) । भाषाका स्वतन्त्र एकाइको समष्टि नै शब्दभण्डार हो । यसैको पर्यायवाची शब्द शब्दढुकुटी हो । संसारका हरेक भाषामा पाइने सम्पूर्ण शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ । संसारका विभिन्न भाषाहरूमध्ये कुनै पनि भाषाका शब्दहरू नेपाली भाषा प्रयोगका क्रममा चलनचल्तीमा ल्याइन्छन् भने ती शब्द नेपाली भाषाको शब्दभण्डारभित्र पर्दछन् ।

नेपाली भाषामा रहेका नेपाली भाषाका अन्य भाषाबाट आएका र नेपाली भाषाका प्रयोक्ताले प्रयोग गर्ने गरेका शब्दहरूको समष्टि भण्डारलाई नै नेपाली भाषाको शब्दभण्डार भनिन्छ । यी शब्दहरू नेपाली भाषाका वैभव हुन्, सम्पत्ति हुन् । यी शब्दहरू नेपाली भाषाका शब्दकोशमा पनि सङ्कलित छन् । शब्दकोशमा सङ्ग्रहित वास्तविक शब्दहरू नेपाली शब्दकोशमा पर्न छुटे पनि नेपाली जनजिब्रोमा प्रचलित रहेका यावत शब्दहरूको समष्टिलाई नेपाली भाषाको शब्दभण्डार भनिन्छ (भण्डारी, २०६०: ४६) । यस भाषामा आजसम्ममा समेटिएका वा प्रयोग भएका सम्पूर्ण शब्दहरूको समष्टि भण्डार नै नेपाली शब्दभण्डार हो । समाज परिवर्तनसँगै भाषामा पनि परिवर्तन हुने गर्दछ । भाषा सामाजिक तथा साँस्कृतिक व्यवहारको सबल माध्यम हो । नेपाली भाषाले वर्तमान विश्वमा भएका ज्ञान–विज्ञानका उच्चतम प्राप्तिलाई व्यक्त गर्ने सामर्थ्य आर्जन गर्नु आवश्यकता छ ( पराजुली, २०५४: ९२) । विज्ञान र प्रविधिको विकाससँगै समाजको परिवर्तन हुन्छ भने समाज परिवर्तनसँगै भाषामा पनि परिवर्तन र वृद्धि हुनु आवश्यक हुन्छ । हेमाङ्गराज अधिकारीका अनुसार आधुनिक समाजका विविधता एवम् जटिलतालाई अभिव्यक्ति दिन भाषालाई सक्षम बनाउने प्रयास नै वास्तवमा भाषाको आधुनिकीकरण हो । भाषाको आधुनिकीकरण भनेको एकप्रकारको बौद्धिकीकरण पनि हो (अधिकारी, २०६२: ७२) । समयको गतिसँगै नयाँ नयाँ शब्दहरूलाई भाषामा प्रवेश गरउँदै लैजानुपर्दछ र भाषा जहिले पनि प्रयोक्ताको वैचारिक र बौद्धिक स्तर अनुरूप हुनुपर्दछ । नेपाली भाषाको उपयोग पारस्परिक सद्भाव र एकता बढाउनुका साथै साझा शक्तिलाई दरिलो–भरिलो पार्नु हो । गतिशील र उन्नत समाजको निर्माणमा भाषाको प्रमुख योगदान रहेको छ । नेपाली भाषा २१ औं

शताब्दीमा आइपुग्दा विज्ञान र प्रविधिको विकाससँगसँगै शब्दभण्डारमा वृद्धि भई विषयगत अभिव्यक्ति क्षमतामा निकै सम्पन्न मानिन्छ ।

नेपाली भाषाको स्रोत संस्कृत भाषा हो । यस भाषाबाट अनगिन्ती शब्दहरू लिइएका छन् र भाषाको शब्दभण्डारलाई सुसम्पन्न तुल्याएका छन् । शिक्षा, संचार र विज्ञान–प्रविधिको विकासपछि नयाँ खालका तत्सम शब्दहरूको प्रयोग नेपाली भाषाको क्षेत्रमा हुन थालेका छन् । यसले गर्दा नेपाली भाषाको शब्द ढुकुटी सम्पन्न बनेको छ । २००७ सालअघिको नेपाली भाषाको शब्दभण्डार र हालको नेपाली भाषाको शब्दभण्डारको तुलना गर्दा उक्त कुरा अझ स्पष्ट हुन जान्छ ।

भाषामा पुराना–पुराना शब्दहरू लुप्त हुँदै जान्छन् र तिनबाट केही नयाँ शब्दहरू बन्दछन् । साथै केहीचाहिँ त्यही शब्द भए तापनि अर्थका क्षेत्रका भिन्न अनुहार लिएर देखापर्दछन् । समयको विकासका क्रममा त्यस भाषामा कतिपय नयाँ शब्दहरूको प्रयोग हुन जान्छ भने कतिपय आगन्तुक शब्दहरूबाट भाषिक शब्दभण्डारको वृद्धि हुँदै जान्छ (गौतमः २०४९: ९०) । यसरी विभिन्न स्रोतबाट शब्द सापटी लिएर वा नलिएर नेपाली भाषामा प्रयोग भएका सम्पूर्ण शब्दहरूको ढुकुटी नेपाली भाषाको शब्दभण्डार हो ।

### ३.३. नेपाली शब्दभण्डारको वर्गीकरण

नेपाली भाषामा रहेका शब्दहरूलाई विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ । शब्दभण्डारमा रहेका सम्पूर्ण शब्दहरूको वर्ग–वर्ग छुट्याउनुलाई शब्द वर्गीकरण भनिन्छ । शब्द वर्गीकरणले भाषाको शब्दभण्डार र त्यसको प्रयोगलाई व्यवस्थित तुल्याउँछ । शब्द वर्गीकरणका विभिन्न आधारहरू छन् । शब्द वर्गीकरण गर्ने आधारहरूमा विद्वान्हरूबीच विभिन्न विचारहरू रहेको पाइन्छ ।

डा. हेमाङ्गराज अधिकारीका अनुसार परम्परागत, कार्यगत, रूपात्मक, कोशीय र संरचनात्मक गरी शब्द वर्गीकरणका चार आधार रहेका छन् (अधिकारी, २०६२: १८) ।

**(क) परम्परागतः** यस परम्परागत व्याकरणमा शब्यहरू, नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिवोधक गरी सामान्यतः आठ वर्गमा विभाजित देखिन्छन् र कतै शब्दवर्गभित्र निपातको पनि उल्लेख भेटिन्छ । यस्तो वर्गीकरण प्रायः अर्थका आधारमा गरिएको हुँदा यसलाई अर्थगत वर्गीकरण पनि भन्न सकिन्छ ।

**(ख) कार्यगतः** शब्दहरूको कार्यलाई विचार गर्दा स्थूल रूपमा यिनलाई तीन वर्ग/समूहमा राखेर हेर्न सकिन्छ ।

१. नामवर्ग (नाम, सर्वनाम, विशेषण), २ क्रियावर्ग (सकर्मक, अकर्मक), ३ अव्ययवर्ग (क्रियायोगी, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक) ।

**(ग) रूपात्मकः** रूपात्मक दृष्टिले शब्दहरूलाई दुई वर्गमा राखिन्छ : विकारी (रूप परिवर्तन हुने), अविकारी (रूप परिवर्तन नहुने) ।

**(घ) कोशीय र संरचनात्मकः** मुख्यतः कोशगत अर्थ जनाउनेलाई कोशीय र भाषाको संरचना जनाउनेलाई संरचनात्मक गरी शब्दहरूलाई दुई वर्गमा बाँडिन्छ, कोशीय (नाम, विशेषण, क्रिया, क्रियायोगी) । संरचनात्मक (सर्वनाम, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक) हुन् । उनका अनुसार व्याकरणात्मक दृष्टिले अर्थभन्दा रूप र रूपभन्दा कार्यका आधारमा गरिएको वर्गीकरणलाई उपयुक्त मानिन्छ ।

प्रा. मोहनराज शर्माका अनुसार शब्द वर्गीकरण गर्ने प्रमुख आधार पाँचवटा छन् । स्रोत, व्युत्पत्ति, रचना, कार्य, अर्थ (शर्मा, २०६१: ५६) ।

स्रोतअन्तर्गत मौलिक, तत्सम्, तद्भव र आगन्तुक (स्वदेशी स्रोत, विदेशी स्रोत) पर्दछन् भने रचनाका आधारमा मूल वा अव्युत्पन्न र व्युत्पन्न शब्द गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । कार्यका आधारमा नेपाली शब्दहरूलाई नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, क्रिया, नामयोगी, संयोजक, विस्मयवाचक, निपात गरी नौ वर्गमा बाँडेका छन् ।

रस्तोगी तथा पाण्डेद्वय (ई. १९८५) ले शब्द वर्गीकरणका ७ आधारहरू उल्लेख गरेका छन् ।

(क) रचनाका आधारमा – मूल र यौगिक

(ख) स्रोतका आधारमा – तत्सम, तद्भव, गृहित र देशज

(ग) सक्रियता र निष्क्रियताका आधारमा – अभिव्यक्तिसम्बन्धी शब्दभण्डार र अर्थग्रहणसम्बन्धी शब्दभण्डार

(घ) प्रयोग विषयका आधारमा – पारिभाषिक, अर्धपारिभाषिक र सामान्य

(ङ) प्रयोग क्षेत्रका आधारमा – एकक्षेत्रीय र सर्वक्षेत्रीय


(च) प्रयोग सीमाका आधारमा – आधारभूत, माध्यमिक र उच्चतम

(छ) अर्थका आधारमा– एकार्थी, समानार्थी, अनेकार्थी र विपरीतार्थी

यसरी विभिन्न आधारहरूमा शब्दको वर्गीकरण गरिए पनि यस अध्ययनको मुख्य सम्बन्ध प्रयोग सीमाको आधारसँग रहेको पाइन्छ । प्रयोग सीमाका आधारमा शब्दहरू तीन

प्रकारका हुन्छन् : आधारभूत, माध्यमिक र उच्चतम । सामान्य दैनिक अभिव्यक्तिमा प्रयोग हुने शब्दावलीलाई माध्यमिक शब्दावली र पारिभाषिक, शुद्ध साहित्यिक, उच्च सांस्कृतिक तथा प्राविधिक शब्दावलीलाई उच्चतम शब्दावली मानिएको पाइन्छ (भट्टराईः २०५९: ३५) ।

सोमनाथ सिग्द्यालले शब्दको निर्माण प्रक्रियाका आधारमा हेर्दा देखापर्ने शब्दसमष्टिलाई बनोटगत आधारमा यसरी प्रस्तुत गरेका छन् (भण्डारी; २०६०: ५४) :




योगेन्द्र यादव र भीमनारायण रेग्मीले शब्दलाई खुला र बन्द गरी २ वर्गमा बाँडेका छन् । मुख्य वर्गका शब्दहरू खुला वर्गमा पर्दछन् र ती नाम, विशेषण, क्रिया र त्रियाविशेषण हुन् भनेका छन् (यादव, रेग्मीः २०५८; ५९) ।

बद्रीकुमार कार्कीले आफ्नो 'नेपाली निष्कर्ष व्याकरण' २०६० मा शब्दवर्गीकरणका मुख्य चार आधार उल्लेख गरेका छन् :


(क) स्रोत : मौलिक शब्द (तत्सम शब्द, तद्भव शब्द, झर्रा शब्द, आगन्तुक शब्द (भारोपेली, अभारोपेली) ।

(ख) व्युत्पत्तिः मूल (अव्युत्पन्न) शब्द, व्युत्पन्न शब्द ।

(ग) कार्य : शब्दवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादि वोधक, निपात)

(घ) अर्थः रूपायन हुने र नहुने आधारमा शब्द दुईप्रकारका छन् : व्यय ( विकारी/परिवर्तनशील), अव्यय (अविकारी/अपरिवर्तनशील) ।

चूडामणि बन्धुले 'नेपाली भाषाका कार्यमूलक शब्द' अप्रकाशित लेख २०६० मा भाषिक व्याख्याका लागि कोशीय र कार्यमूलक शब्दका बीच विभेद छुट्याउने क्रममा आफ्नो वर्गीकरणलाई यस्तो आरेखमा प्रस्तुत गरेको कुरा डा. पारसमणि भण्डारीले आफ्नो पिएच.डी. शोधपत्रमा उल्लेख गरेका छन् (भण्डारी, २०६०: ४९) :




कोशीय शब्द अर्थवान हुने र यस्ता शब्दहरू निरन्तर थपिइरहने हुँदा शब्दसङ्ख्या असीमित हुन्छ । त्यसैले यस्ता शब्दहरूको वर्गलाई खुला वा मुक्त वर्ग भनिन्छ । बद्धवर्गका शब्दले व्याकरणात्मक सम्बन्ध देखाउने, यस वर्गका शब्दमा अन्य भाषाबाट शब्दहरूको आगमन प्रायः नहुने हुँदा यिनको सङ्ख्यात्मक विस्तार हुँदैन । शब्दहरूको सङ्ख्या पनि सीमित हुन्छ । सुगठित भाषिक प्रयोगका लागि यस्ता शब्दहरूको विशेष महत्त्व हुन्छ ।

दुर्गाप्रसाद दाहालका अनुसार शब्दहरूको वर्गीकरण गर्ने प्रमुख आधार स्रोत, बनोट र कार्य रहेको उल्लेख गरेका छन् । स्रोतका आधारमा मौलिक र आगन्तुक, बनोटका आधारमा मूल र व्युत्पन्न, कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया, अव्यय, आदि पर्दछन् । त्यस्तै अर्थका आधारमा एकार्थी, अनेकार्थी, श्रुति समभिन्नार्थी, पर्यायवाची, विपरीतार्थी गरी वर्गीकरण गरेका छन् भने प्रयोगका आधारमा सामान्य र विशिष्ट शब्द रहेका छन् (दाहालः २०६१: ३५) ।

यसरी शब्दलाई विभिन्न वर्ग, उपवर्गमा बाँडे पनि कार्य, बनोट र स्रोतका आधारमा वर्गीकरण गर्दा कार्यअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात आदि पर्दछन् भने बनोटअन्तर्गत मूल, व्युत्पन्न अनि स्रोतअन्तर्गत आगन्तुक र मौलिक गरी बाँड्न सकिन्छ ।

### ३.४. शब्दभण्डारको महत्त्व

लघुत्तम अर्थयुक्त अवयव रूप हुन भने रूपहरूको मेलबाट शब्द निर्माण हुन्छ । व्याकरणात्मक दृष्टिले शब्द रूपभन्दा ठूलो र पदावलीभन्दा सानो भाषिक कार्यसम्पादन गर्ने सबैभन्दा सानो र महत्त्वपूर्ण एकाइ हो (कार्की २०६०: ५२) । शब्द भाषाको केन्द्रीय तत्त्व हो र न्यूनतम भाषिक अर्थयुक्त स्वतन्त्र एकाइ पनि हो । शब्द विना कुनै भाषिक कार्य सम्पन्न हुन नसक्ने हुँदा शब्दलाई भाषााको प्राणतत्वका रूपमा प्रतिष्ठापित गरिएको छ ।

भाषाशास्त्री चूडामणि बन्धु (२०४३) को शब्दसम्बन्धी धारणा यस प्रकार रहेको पाइन्छ, "शब्द लघुत्तम मुक्त रूप हो जसमा एक वा एकभन्दा बढी रूप हुन्छन् अर्थात् शब्दमा थोरैमा एउटा मुक्त रूप हुनैपर्छ" (भट्टराई, २०५९: ३१) ।

शब्द भाषाको सम्पत्ति हो । भाषा तथा भाषा विज्ञानमा शब्दको महत्त्वपूर्ण स्थान छ । नेपाली भाषाको आफ्नै शब्दढुकुटी रहेको छ । शब्दविना मानवीय व्यवहार चल्न सक्दैन । भाषामा राष्ट्रिय सञ्चारलाई एकीकृत गर्ने र आन्तरिक तथा बाह्य संसारलाई नै प्रकाशित गर्ने शक्ति छ । शब्दरूपी प्रकाशको महत्त्वलाई व्यक्त गर्दै पूर्वीय काव्यशास्त्री दण्डी (ई. १९६५) भन्दछन्, "शब्दले संसारमा व्याप्त अन्धकार हटाई तीनै लोकलाई प्रकाशवान तुल्याइदिन्छ । यदि शब्दरूपी ज्योति नबलेको भए पूरै संसार चौपट्ट अँध्यारो हुन्थ्यो" (भट्टराई, २०५९: ३४) । शब्द ज्ञानको प्रमुख माध्यम हो । शब्दविना ज्ञान तथा विचार विनिमय हुन सक्दैन । दैनिक व्यवहार, शिक्षण–प्रशिक्षण, विचार–विमर्श, लेखन, अनुसन्धान आदि प्रत्येक क्षेत्रमा शब्दको सर्वोपरि महत्त्वलाई स्वीकार गर्न सकिन्छ । नेपाली बृहत् शब्दकोश (२०४०) मा शब्दावलीको अर्थ "कुनै भाषा वा बोलीमा प्रयुक्त हुने खास–खास विषय वा कार्यसित सम्बन्धित शब्दहरूको सूची" भनी दिइएको पाइन्छ (पृ. ११८३) ।

भाषा र भाषामा भएका सम्पूर्ण शब्दहरूको समष्टिगत रूप नै शब्दभण्डार हो । शब्दभण्डारलाई शब्दावली वा शब्दढुकुटी पनि भनिन्छ । डा. भोलानाथ तिवारी (ई. १९८२) ले कुनै व्यक्तिको भाषा वा बोलीद्वारा प्रयुक्त हुने अथवा भएका शब्दहरूको समूहलाई शब्दभण्डार भनेका छन् । कुनै भाषामा प्रयुक्त सबै शब्दहरूको समूह त्यस भाषाको शब्दभण्डार हो ।

भाषा र शब्दको बीच अन्योन्याश्रित सम्बन्ध छ । भाषा अभिव्यक्तिको सबैभन्दा उत्कृष्ट साधन हो । विज्ञान र प्रविधिको विकाससँगै मानिसले आज जुन उपलब्धिहरू हासिल गरेका छन् तिनलाई विश्वसामु परिचित गराउने बहुव्यापी र सशक्त माध्यम भाषा

नै हो । व्यक्तिमा जति धेरै शब्दभण्डार हुन्छ उसँग त्यति नै धेरै प्रभावशाली विचारहरू हुन्छन् । अतः विद्यालयस्तरीय बालबालिकाहरूलाई नवीनतम ज्ञान तथा प्रभावशाली विचारले सुसज्जित तुल्याउन शब्दभण्डारलाई नै अधिक सरल र प्रभावपूर्ण माध्यम बनाउन सकिन्छ । प्रारम्भमा बालक समाजबाट शब्दहरूको ज्ञान प्राप्त गर्छ र विद्यालयको पठनपाठन अनुसार शब्दज्ञानको प्राप्ति कक्षाअनुसार तहगत रूपमा बढ्दै जान्छ । व्यक्तिले आफ्नो जीवनमा आयुवृद्धिको साथसाथै शब्दभण्डारको पनि विकास गर्दै लैजान्छ । अतः नेपाली भाषाको शब्दभण्डार बेतोडले बढ्दै गएको छ जसले गर्दा अन्तर्राष्ट्रिय भाषाहरूसित नेपाली भाषाको सम्पर्क छिटो–छिटो बढ्दै छ ।

नेपाली भाषाको क्रमिक विकास सँगसँगै नेपाली भाषामा संस्कृत स्रोतका शब्दहरू थपिँदै आएका छन् । यी संस्कृत शब्दहरूले नेपाली भाषाको शब्दभण्डारलाई सुसम्पन्न तुल्याएका छन् । कतिपय संस्कृत शब्दहरू संस्कृतबाट जस्ताको तस्तै रूपमा आएका, संस्कृतबाट केही मात्रामा रूप फेरिएर आएका तथा अन्य भाषाबाट आएका आगन्तुक शब्दहरूले नेपाली भाषाको शब्दढुकुटी व्यापक बनाएकाले नेपाली भाषा पनि संसारका अन्य कतिपय भाषाका तुलनामा कमजोर अवस्थामा छैन भन्ने तथ्य प्रमाणित हुन्छ (लामिछाने, २०५३: १३६) ।

### ३.५. शब्दभण्डार र भाषा पाठ्यपुस्तकको सम्बन्ध

शब्दभण्डार भाषिक सीपको विकास गर्ने महत्त्वपूर्ण पक्ष हो । भाषापाठ्यपुस्तक भाषिक सीप विकासका लागि तयार पारिएको पाठ्यपुस्तक हो, त्यसैले भाषापाठ्यपुस्तकमा शब्दभण्डारको स्थान विशिष्ट र महत्त्वपूर्ण छ । शब्दभण्डारविना पाठ्यपुस्तकको कुनै अस्तित्व नै रहन सक्दैन भने उपयुक्त छनौट र स्तरणविना भाषापाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारले आफ्नो औचित्यलाई साकार रूप दिन सक्दैन । अतः भाषापाठ्यपुस्तक र शब्दभण्डारबीच अन्योन्योश्रित सम्बन्ध रहेको कुरा प्रष्ट हुन्छ (अधिकारी तथा शर्मा, २०५६) ।

भाषा पाठ्यपुस्तकको प्रमुख लक्ष्य भाषिक सीपको विकास हो भने भाषिक सीपको प्रमुख माध्यम शब्दावली नै हो । इँटारूपी शब्दावलीबाट नै भाषा पाठ्यपुस्तक रूपी सुन्दर घर बन्न सक्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार भाषिक सीपको विकास गर्न विद्यार्थीहरूको शारीरिक र मानसिक स्तरलाई ख्याल गरेर शब्दभण्डारको छनोट गरिएन भने पाठ्यपुस्तकको कुनै उपयुक्तता रहँदैन ।

नेपाली भाषाको पाठ्यक्रमले निर्देश गरेका उद्देश्यहरू प्राप्त गर्न विद्यार्थीहरूलाई शब्दभण्डारमा सबल बनाउन, भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार आधारभूत भाषिक सीप हासिल गराउन जोड दिएको हुन्छ । विद्यार्थीहरूको शारीरिक र मानसिक स्तरलाई ख्याल गरेर शब्दभण्डारको छनोट गरिएन भने सो भाषा पाठ्यपुस्तकले विद्यार्थीहरूको सीप विकासमा सहयोग पुऱ्याउन सक्दैन । जति धेरै शब्दभण्डार क्षमता भयो उति भाषिक सबलता प्राप्त हुने हुनाले क्षमता अनुरूपको शब्दभण्डार बृद्धिलाई भाषा पाठ्यपुस्तकले ध्यान राखेको हुन्छ (शर्मा तथा पौडेल, २०६०) ।

पाठ्यपुस्तकमा शब्दभण्डारको महत्त्वलाई स्पष्ट पार्दै सि.नायक (ई. १९७५) भन्दछन् –"पाठ्यपुस्तकले एकातिर शब्दनिर्माणको ज्ञान प्रस्तुत गर्दछ भने अर्कातिर शब्दकै माध्यमबाट ज्ञानको द्वार खोलिदिन्छ । भाषाका माध्यमबाट लेखकले ज्ञानसम्बन्धी धारणाहरू सम्प्रेषण गर्ने कार्य गर्दछ । यदि विद्यार्थी शब्द (शब्दार्थ) जान्दछन् र पाठ्यपुस्तकमा शब्दहरूको उचित प्रयोग भएको छ भने ती शब्दहरूले बालबालिकाको मस्तिष्कमा नवीन वातावरण सिर्जना गर्दछन् (भट्टराई, २०५९: ४१) ।

ज्ञानको प्रमुख माध्यम शब्द तथा शब्दभण्डार हो भने शब्दसंरचना शब्दार्थ तथा शब्द प्रयोगसम्बन्धी यावत कुराहरू भाषा पाठ्यपुस्तककै माध्यमबाट सिकाइन्छ । पाठ्यपुस्तकले पढाइको वातावरणसमेत निर्माण गर्दछ । पाठ्यपुस्तकमा शब्दहरूको उचित प्रयोग भएन भने पढाइका लागि उपयुक्त वातावरण बन्न सक्दैन । विद्यार्थीहरूले बीचैमा पढाइ छोड्ने, पढाइमा अपेक्षित रूपमा सफल हुन नसक्ने, पढाइप्रति निराश हुने विभिन्न कारणहरूमध्ये पाठ्यपुस्तकमा शब्दहरूको अव्यवस्थित प्रयोग पनि एउटा कारण हुन सक्छ । अतः पाठ्यपुस्तकमा लेखकले शब्दभण्डारको प्रयोग अत्यन्त सचेत रूपमा गर्नु आवश्यक छ ।

शब्दभण्डार भाषा पाठ्यपुस्तकको स्तरयुक्तता र उपयुक्तताको पहिचान गराउने एउटा महत्त्वपूर्ण पक्ष हो (शर्मा तथा पौडेल २०६०: ३६०) । भाषा पाठ्यपुस्तकको प्रयोजन बालबालिकामा उनीहरूको स्तर, क्षमता र आवश्यकताअनुसार विविध क्षेत्रमा प्रयोग हुने विभिन्न प्रकृतिका शब्द, पदावली तथा वाक्यको ज्ञान, प्रयोग तथा अभ्यास गराउने रहेको हुन्छ । यसले गर्दा भाषा पाठ्यपुस्तक र शब्दभण्डारको सम्बन्ध अत्यन्त नजिकको देखिन्छ । स्तर अनुरूप नयाँ शब्दसम्बन्धी धारणा दिगो बनाउने प्रयास भाषा पाठ्यपुस्तकले गरेको हुन्छ ।

# परिच्छेद चार

## व्याख्या तथा विश्लेषण

प्रस्तुत अनुसन्धानमा कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमताको अध्ययन गर्ने उद्देश्य राखिएको छ । शोध परिचयमा प्रस्तुत गरिएको अध्ययन विधिबमोजिम काठमाडौँ जिल्लाभित्रका चार सरकारी (महानगरपालिका भित्रका २ र गा.वि.स.भित्रका २) र चार निजी (महानगरपालिका भित्रका २ र गा.वि.स. भित्रका २) विद्यालयहरूमा जम्मा १८० विद्यार्थीबाट आवश्यक तथ्याङ्क संकलन गरी साङ्ख्यिकीय विश्लेषणका लागि व्यवस्थित गरियो । विश्लेषणका लागि मध्यमान, प्रमाप विचलन, प्रतिशत र चलहरूबीच तुलना गर्न z परीक्षण जस्ता साङ्ख्यिकीको उपयोग गरिएको छ । जसको विस्तृत विवरण निम्नअनुसारछः

### ४.१. समग्रताका दृष्टिले शब्दभण्डार क्षमताको स्थिति

**तालिका सङ्ख्या ४.१.१: शब्दभण्डार क्षमताको समग्र स्थिति**

| कुल सङ्ख्या | समग्र मध्यमान | प्रमाप विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८० | ५७.०२ | १६.२२ | ८४ | ४६.६६ | ९६ | ५३.३३ |

उपर्युक्त तालिकाअनुसार प्रतिनिधि नमुनाको कुल सङ्ख्या १८० रहेको छ भने मध्यमान ५७.०२ रहेको छ । समग्र मध्यमानलाई आधार बनाएर मध्यमानभन्दा माथि रहेका विद्यार्थीलाई सन्तोषजनक र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूलाई कमजोर श्रेणीमा वर्गीकरण गर्दा बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको स्पष्ट हुन्छ । त्यसैले पहिचानात्मक र उत्पादनात्मक दुवै शब्दभण्डारमा विद्यार्थीहरूको क्षमता सन्तोषजनक देखिँदैन । त्यसैगरी प्रमाप विचलनका आधारमा हेर्दा पनि विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा एकरूपता नरहेको तथ्य माथिको तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका सङ्ख्या ४.१.२.: समग्र मध्यमानका दृष्टिले शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति**

| कूल सङ्ख्या | समग्र मध्यमान | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८० | ५७.०२ | स्थानीयता | | | | | |
| | | गाउँ | ९० | ३८ | ४२.२२ | ५२ | ५७.७७ |
| | | सहर | ९० | ५२ | ५७.७७ | ३८ | ४२.२२ |
| | | लिङ्ग | | | | | |
| | | छात्र | ९० | ४१ | ४५.५५ | ४९ | ५४.४४ |
| | | छात्रा | ९० | ४९ | ५४.४४ | ४१ | ४५.५५ |
| | | विद्यालयको स्वरूप | | | | | |
| | | सरकारी | ९० | ५५ | ६१.११ | ३५ | ३८.८८ |
| | | निजी | ९० | ३५ | ३८.८८ | ५५ | ६१.११ |
| | | भाषिक पृष्ठभूमि | | | | | |
| | | नेपाली पहिलो | | | | | |
| | | भाषा हुने | ९० | ५२ | ५७.७७ | ३८ | ४२.२२ |
| | | नेपाली दोस्रो | | | | | |
| | | भाषा हुने | ९० | ३८ | ४२.२२ | ५२ | ५७.७७ |

प्रस्तुत तालिकामा विद्यार्थी सङ्ख्या जम्मा १८० रहेको छ । समग्र मध्यमान ५७.०२ लाई आधार बनाई विभिन्न समूहको शब्दभण्डार सामर्थ्यको विश्लेषण गरिएको छ ।

स्थानीयताका दृष्टिले हेर्दा समग्र शब्दभण्डारमा गा.वि.स.का ९० जना र नगरपालिकाका ९० जना विद्यार्थी रहेका थिए । समग्र मध्यमान ५७.०२ लाई आधार बिन्दु मानेर व्याख्या विश्लेषण गर्दा गाउँका विद्यालयका ३८ जना अर्थात् ४२.२२ प्रतिशत मध्यमानभन्दा माथि र ५२ जना अर्थात् ५७.७७ प्रतिशत मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्यलाई केलाउँदा गाउँका विद्यालयका बहुसंख्यक विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको पाइन्छ । यस कुरालाई अल्पसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि र बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको तथ्यले स्पष्ट पार्छ । सहरका विद्यालयतर्फ

५२ जना अर्थात् ५७.७७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३८ जना अर्थात् ४२.२२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्यलाई केलाउँदा गाउँका विद्यालयका विद्यार्थीको तुलनामा सहरका विद्यार्थी केही राम्रा देखिन्छन् तापनि समग्र शब्दभण्डारमा सहरका विद्यार्थीहरूको क्षमता पर्याप्त सकारात्मक मान्न सकिँदैन ।

लिङ्गगत दृष्टिले हेर्दा समग्र शब्दभण्डारमा ९० जना छात्रा र ९० जना छात्र समावेश गरिएको थियो । समग्र मध्यमान ५७.०२ प्रतिशतलाई आधारबिन्दु बनाएर व्याख्या विश्लेषण गर्दा छात्रा ४९ जना अर्थात् ५४.४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेका देखिन्छन् र ४१ जना अर्थात् ४५.५५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका देखिन्छन् । उक्त तथ्याङ्कबाट छात्रातर्फ बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि देखिएकाले शब्दभण्डार क्षमता सन्तोषजनक छ भन्न सकिन्छ । छात्रतर्फ हेर्दा ४१ जना अर्थात् ४५.५५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेको स्थिति छ । ४९ जना अर्थात् ५४.४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल देखिन्छन् । छात्रतर्फ बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा तल देखिनुले उनीहरूको शब्दभण्डार क्षमता कमजोर देखिन्छ ।

सरकारी र निजी विद्यालयको शब्दभण्डार क्षमता हेर्दा समग्र शब्दभण्डारमा ९० जना सरकारी विद्यालयका र ९० जना निजी विद्यालयका विद्यार्थी समावेश गरियो । समग्र मध्यमान ५७.०२ लाई आधारबिन्दु मानेर व्याख्या गर्दा सरकारी विद्यालयका ५५ जना अर्थात् ६१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३५ जना अर्थात् ३८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल देखिन्छन् । बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा माथि देखिनुले सरकारी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता पर्याप्त सन्तोषजनक देखिन्छ । निजी विद्यालयतर्फ हेर्दा ३५ जना अर्थात् ३८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि देखिन्छन् भने ५५ जना अर्थात् ६१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल देखिन्छन् । यहाँ निजी विद्यालयका विद्यार्थीको क्षमता सरकारी विद्यालयका विद्यार्थीको क्षमताको ठीक विपरीत देखिएको छ । यसले गर्दा निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमतामा कमजोर स्थिति रहेको पुष्टि हुन्छ ।

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषा भएका वा नेपाली पहिलो भाषा हुने र नेपाली मातृभाषा नभएका वा नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूलाई एउटा समूहमा राखिएको छ । नेपाली पहिलो भाषा हुनेतर्फ ९० र नेपाली दोस्रो भाषा हुनेतर्फ ९० जना विद्यार्थीलाई समावेश गरिएको छ । समग्र मध्यमान ५७.०२ लाई आधारविन्दु बनाउँदा

नेपाली पहिलो भाषा हुनेतर्फ ५२ जना अर्थात् ५७.७७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४८ जना अर्थात् ४२.२२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यसबाट बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि भएकाले समग्र शब्दभण्डारमा यस समूहका विद्यार्थीहरूको क्षमता सन्तोषप्रद रहेको पाइन्छ । नेपाली दोस्रो भाषा हुनेतर्फ ३८ जना अर्थात् ४२.२२ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५२ जना अर्थात् ५७.७७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् ।

उक्त तथ्यलाई मनन गर्दा नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको घरायसी भाषिक वातावरण, शिक्षण सिकाइ क्रियाकलाप, नेपाली भाषा सिकाइप्रतिको जागरुकता, वर्णविन्यासगत त्रुटि र अन्य कतिपय कारणहरूले गर्दा तिनीहरूको शब्दभण्डार क्षमतामा कमजोर स्थिति रहेको हुन सक्छ ।

## ४.२. पहिचानात्मक तथा उत्पादनात्मक शब्दभण्डार क्षमताको स्थिति

**तालिका सङ्ख्या ४.२.१: पहिचानात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति**

| कूल सङ्ख्या | समग्र मध्यमान | प्रमाप विचलन | मध्यमानभन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८० | ३४.९३ | ८.६१ | ९७ | ५३.८८ | ८३ | ४६.११ |

उपर्युक्त तालिकाअनुसार पहिचानात्मक शब्दभण्डार क्षमता पहिल्याउन प्रतिनिधि नमुनाका रूपमा १८० जना विद्यार्थी लिइएको छ । पहिचानात्मक शब्दभण्डारको मात्र मध्यमान ३४.९३ र प्रमाप विचलन ८.६१ रहेको छ । समग्र मध्यमानलाई आधारविन्दु बनाएर मध्यमानभन्दा माथि विद्यार्थीहरूलाई सन्तोषजनक र मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूलाई कमजोर श्रेणीमा राख्दा आधाभन्दा धेरै विद्यार्थी मध्यमानभन्दा माथि रहे पनि समग्र शब्धभण्डार क्षमतालाई पर्याप्त सन्तोषजनक मान्न सकिँदैन । ५३.८८ प्रतिशत मात्र विद्यार्थी मध्यमानभन्दा माथि हुनु मध्यम सकारात्मक मान्न सकिन्छ । प्रमाप विचलनका आधारमा हेर्दा पनि विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमतामा एकरूपता रहेको पाइँदैन ।

**तालिका सङ्ख्या ४.२.२.: समग्र मध्यमानका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति**

| कूल सङ्ख्या | समग्र मध्यमान | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८० | ३४.९३ | स्थानीयता | | | | | |
| | | गाउँ | ९० | ४० | ४४.४४ | ५० | ५५.५५ |
| | | सहर | ९० | ५७ | ६३.३३ | ३३ | ३६.६६ |
| | | लिङ्ग | | | | | |
| | | छात्र | ९० | ४६ | ५१.११ | ४४ | ४८.४४ |
| | | छात्रा | ९० | ५१ | ५६.६६ | ३९ | ४३.३३ |
| | | विद्यालयको स्वरूप | | | | | |
| | | सरकारी | ९० | ५४ | ६० | ३६ | ४० |
| | | निजी | ९० | ४३ | ४७.७७ | ४७ | ५२.२२ |
| | | भाषिक पृष्ठभूमि | | | | | |
| | | नेपाली दोस्रो | ९० | ५३ | ५८.८८ | ३७ | ४१.११ |
| | | नेपाली दोस्रो | ९० | ४४ | ४८.८८ | ४६ | ५१.११ |

उपर्युक्त तालिकामा जम्मा १८० जना विद्यार्थी रहेका छन् । पहिचानात्मक शब्दभण्डारको समग्र मध्यमान ३४.९३ लाई आधारविन्दु बनाएर विभिन्न समूहका विद्यार्थीको शब्दभण्डार क्षमता हेर्दा निम्नलिखित स्थिति देखिन्छ :

स्थानीयताका आधारमा हेर्दा गाउँतर्फका ९० र सहरतर्फका ९० जना विद्यार्थी प्रतिनिधि नमुनाको रूपमा लिइएको छ। समग्र पहिचानात्मक मध्यमान ३४.९३ लाई आधार मान्दा गाउँका ४० जना अर्थात् ४४.४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५० जना अर्थात् ५५.५५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल देखिन्छन् । बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले गाउँका विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमताको स्थिति दयनीय देखिन आउँछ । सहरका विद्यार्थीतर्फ ५७ जना अर्थात् ६३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेका र ३३ जना अर्थात् ३६.६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका तथ्यबाट सहरका विद्यार्थीमा पहिचानात्मक क्षमता निकै

सन्तोषजनक देखिन्छ । सहरका विद्यार्थीको तुलनामा गाउँका विद्यार्थीको पहिचानात्मक क्षमता निकै कमजोर रहने पुष्टि हुन गएको छ ।

लिङ्गगत दृष्टिले हेर्दा पहिचानात्मक शब्दभण्डारमा छात्रातर्फ ९० जना र छात्रतर्फ ९० जना विद्यार्थीहरू रहेका छन् । समग्र मध्यमान ३४.९३ लाई आधारविन्दु बनाएर हेर्दा छात्रातर्फ ५१ जना अर्थात् ५६.६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३९ जना अर्थात् ४३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको स्थिति छ । छात्रातर्फ अधिक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले पहिचानात्मक शब्दभण्डारमा छात्राहरूको क्षमता सन्तोषप्रद रहेको छ । छात्रतर्फ ४६ जना अर्थात् ५१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४४ जना अर्थात् ४८.८८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यस तथ्यलाई हेर्दा छात्रतर्फका विद्यार्थीहरूमा पहिचानात्मक क्षमता सन्तोषजनक नै देखिन्छ । छात्रा र छात्र विद्यार्थीहरूबीचको तुलनालाई नियालेर हेर्दा छात्रभन्दा छात्रातर्फ बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहेकाले छात्राहरूको शब्दभण्डार क्षमता सन्तोषजनक मान्न सकिन्छ । सामान्यत बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा माथि हुनु सन्तोषजनक मानिए पनि ६० प्रतिशत विद्यार्थी पनि मध्यमानभन्दा माथि नहुनु पर्याप्त सकारात्मक पक्ष भने होइन ।

सरकारी र निजी विद्यालयका विद्यार्थीको पहिचानात्मक शब्दभण्डार क्षमता हेर्दा सरकारी विद्यालयतर्फ ९० जना विद्यार्थी र निजी विद्यालयतर्फ ९० जना विद्यार्थी लिइएको छ । सरकारी विद्यालयतर्फ पहिचानात्मक शब्दभण्डारमा ५४ जना अर्थात् ६० प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्य हेर्दा अल्पसंख्यक विद्यार्थीहरू मध्यमान भन्दा तल रहेकाले पहिचानात्मक शब्दभण्डारमा सरकारी विद्यालयका विद्यार्थीहरूको क्षमता निकै सन्तोषजनक रहेको प्रमाणित हुन्छ । निजी विद्यालयतर्फ ४३ जना अर्थात् ४७.७७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४७ जना अर्थात् ५२.२२ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहन गएको स्थिति छ । उक्त तथ्यलाई केलाउँदा बहुसख्यक विद्यार्थी मध्यमानभन्दा तल रहनुले निजी विद्यालयका विद्यार्थीहरूमा पहिचानात्मक शब्दभण्डार क्षमताको कमजोरी प्रष्ट देखिन आउँछ । उक्त तथ्यबाट सरकारी विद्यालयका ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनु र निजी विद्यालयका ४७.७७ प्रतिशत मात्र विद्यार्थी मध्यमान भन्दा माथि रहनुले पहिचानात्मक शब्दभण्डार क्षमतामा निजी विद्यालयका विद्यार्थीहरूको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको क्षमता निकै नै सन्तोषजनक देखिएको छ ।

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको जम्मा सङ्ख्या क्रमशः ९० र ९० रहेको थियो । पहिचानात्मक शब्दभण्डारको मध्यमान ३४.९३ लाई आधारविन्दु मानेर विश्लेषण गर्दा नेपाली पहिलो भाषा हुने ५३ जना अर्थात् ५८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३७ जना अर्थात् ४१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्यलाई केलाउँदा बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले पहिचानात्मक शब्दभण्डारमा नेपाली पहिलो भाषा हुने विद्यार्थीहरूको क्षमता सन्तोषप्रद रहेको छ । नेपाली दोस्रो भाषा हुनेतर्फ ४४ जना अर्थात् ४८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४६ जना अर्थात् ५१.११ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यसरी नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूमा मध्यमानभन्दा तल धेरै विद्यार्थी सङ्ख्या देखिनुले पहिचानात्मक शब्दभण्डारसम्बन्धी क्षमतामा दोस्रो भाषी विद्यार्थीहरू कमजोर रहेको प्रमाणित हुन्छ ।

**तालिका सङ्ख्या ४.२.३.: उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति**

| कूल सङ्ख्या | समग्र ध्यमान | प्रमाप विचलन | मध्यमानभन्दा माथि | | मध्यमान भन्दातल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८० | २२.०८ | ८.६१ | ९२ | ५१.११ | ८८ | ४८.८८ |

प्रस्तुत तालिकाअनुसार सम्पूर्ण उत्पादनात्मक शब्दभण्डारतर्फको समग्र मध्यमान २२.०८ रहेको छ र समग्र मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् । यसमा ९२ जना अथवा ५१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ८८ जना अर्थात् ४८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको स्थिति छ । यहाँ मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको विद्यार्थी सङ्ख्यामा ठूलो अन्तर देखिएको छैन तापनि ६० प्रतिशतभन्दा कम विद्यार्थी मध्यमानभन्दा माथि देखिनुले विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता सन्तोषजनक देखिँदैन ।

**तालिका सङ्ख्या ४.२.४: समग्र मध्यमानका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति**

| कूल सङ्ख्या | समग्र मध्यमान | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८० | २२.०८ | स्थानीयता | | | | | |
| | | गाउँ | ९० | ४१ | ४५.५५ | ४९ | ५४.४४ |
| | | सहर | ९० | ५१ | ५६.६६ | ३९ | ४३.३३ |
| | | लिङ्ग | | | | | |
| | | छात्र | ९० | ४२ | ४६.६६ | ४८ | ५३.३३ |
| | | छात्रा | ९० | ५० | ५५.५५ | ४० | ४४.४४ |
| | | विद्यालयको स्वरूप | | | | | |
| | | सरकारी | ९० | ५५ | ६१.११ | ३५ | ३८.८८ |
| | | निजी | ९० | ३७ | ४१.११ | ५३ | ५८.८८ |
| | | भाषिक पृष्ठभूमि | | | | | |
| | | नेपाली पहिलो भाषा हुने | ९० | ५५ | ६१.११ | ३५ | ३८.८८ |
| | | नेपाली दोस्रो भाषा हुने | ९० | ३७ | ४१.११ | ५३ | ५८.८८ |

प्रस्तुत तालिकामा उत्पादनात्मक शब्दभण्डारको समग्र मध्यमान २२.०८ लाई आधारविन्दु बनाएर समूहगत रूपमा विद्यार्थीहरूको उक्त शब्दभण्डारसम्बन्धी क्षमता पहिल्याउँदा निम्न तथ्यहरू फेला पार्न सकिन्छ ।

स्थानीयताका दृष्टिले विद्यालयहरू गाउँ र सहरी क्षेत्रका रहेका छन् । अध्ययनका क्रममा गाउँका ९० र सहरका ९० जना विद्यार्थीलाई समावेश गरिएको छ । उपर्युक्त शब्दभण्डारको समग्र मध्यमान २२.०८ लाई आधारविन्दु बनाएर विश्लेषण गर्दा गाउँका विद्यालयका ४१ जना अर्थात् ४५.५५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४९ जना अर्थात् ५४.४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्यलाई केलाउँदा बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले उत्पादनात्मक शब्दभण्डारमा ग्रामीण

क्षेत्रका विद्यार्थीहरूको समग्र क्षमता कमजोर भएको प्रमाणित हुन्छ । त्यसैगरी सहरी क्षेत्रका विद्यालयका विद्यार्थीतर्फ ५१ जना अर्थात् ५६.६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३९ जना अर्थात् ४३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका पाइन्छन् । यस तथ्यलाई केलाउँदा सहरी विद्यालयका बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि हुनुले उनीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता सन्तोषजनक देखिन्छ । गाउँका विद्यार्थीको तुलनामा सहरका विद्यार्थीहरू शब्दभण्डार क्षमतामा निकै अगाडि देखिन्छन् तापनि ६० प्रतिशतभन्दा कम विद्यार्थी मध्यमानभन्दा माथि देखिनुले विद्यार्थीहरूको शब्दभण्डार क्षमता पर्याप्त सकारात्मक भने मानिँदैन ।

लैङ्गिक दृष्टिले हेर्दा उत्पादनात्मक शब्दभण्डारमा छात्र र छात्राको जम्मा जम्मी नमुना सङ्ख्या ९०, ९० गरी जम्मा १८० रहेको छ । उत्पादनात्मक पक्षको समग्र मध्यमान २२.०८ लाई आधार मानेर विश्लेषण गर्दा छात्रातर्फ ५० जना अर्थात् ५५.५५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४० जना अर्थात् ४४.०४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको स्थिति छ । यस तथ्यलाई हेर्दा बहुसंख्यक विद्यार्थी सङ्ख्या मध्यमानभन्दा माथि रहेको देखिन्छ । बहुसंख्यक विद्यार्थी सङ्ख्या मध्यमानभन्दा माथि रहेको अवस्था सकारात्मक भए पनि ४४.४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहनुले छात्राहरूको शब्दभण्डार क्षमता पूर्ण सन्तोषजनक भने देखिँदैन । छात्रतर्फ हेर्दा ४२ जना अर्थात् ४६.६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४८ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको स्थिति देखिन्छ । यस तथ्यबाट मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल रहेको विद्यार्थी सङ्ख्यामा फराकिलो अन्तर देखिएको छ । बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा तल देखिनुले छात्रतर्फको उत्पादनात्मक शब्दभण्डार क्षमताको स्थिति अत्यन्त कमजोर देखिन्छ । तुलनात्मक रूपमा हेर्दा छात्रतर्फको भन्दा छात्रातर्फको समग्र क्षमता सन्तोषजनक देखिन्छ ।

सरकारी विद्यालय र निजी विद्यालयतर्फ उत्पादनात्मक शब्दभण्डार क्षमता परीक्षणमा क्रमशः ९०, ९० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । उत्पादनात्मक पक्षको समग्र मध्यमान २२.०८ लाई आधारविन्दु बनाएर विश्लेषण गर्दा सरकारी विद्यालयतर्फ ५५ जना अर्थात् ६१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेका छन् भने ३५ जना अर्थात् ३८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । सरकारी विद्यालयतर्फ अधिक विद्यार्थी मध्यमानभन्दा माथि रहनुले उत्पादनात्मक शब्दभण्डारमा सरकारी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार सामर्थ्य सन्तोषजनक मान्न

सकिन्छ । निजी विद्यालयतर्फ ३७ जना अर्थात् ४१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५२ जना अर्थात् ५८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको अवस्था छ । यसरी हेर्दा वहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल हुनुले निजी विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता अत्यन्तै कमजोर सावित हुनजान्छ । मध्यमानभन्दा तलका विद्यार्थीलाई कमजोर श्रेणीमा राख्दा निजी विद्यालयका बहुप्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको पाइयो जसले गर्दा उक्त विद्यार्थीको उत्पादनात्मक शब्दभण्डारमा समग्र क्षमता सन्तोषजनक छैन भन्ने कुरा प्रमाणित भएको छ । निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका विद्यार्थीको उत्पादनात्मक शब्दभण्डार सामर्थ्य पर्याप्त सन्तोषजनक देखिन्छ ।

भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डारमा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको जम्मा सङ्ख्या क्रमशः ९० र ९० रहेको छ । समग्र मध्यमान २२.०८ लाई आधारविन्दु मानेर विश्लेषण गर्दा नेपाली पहिलो भाषा हुनेतर्फ ५५ जना अर्थात् ६१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३५ जना अर्थात् ३८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको स्थिति छ । उक्त तथ्यलाई हेर्दा बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले उत्पादनात्मक शब्दभण्डारमा विद्यार्थीहरूको क्षमता सन्तोषजनक भएको पाइन्छ । नेपाली दोस्रो भाषा हुनेतर्फ ३७ जना अर्थात् ४१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५३ जना अर्थात् ५८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । यस तथ्यलाई केलाउँदा बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले उत्पादनात्मक शब्दभण्डार क्षमतामा नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरू निकै कमजोर अवस्थमा रहेको तथ्य साबित हुन्छ । उक्त तथ्यका आधारमा नियाल्दा नेपाली पहिलो भाषा हुने बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले नेपाली दोस्रो भाषा हुने विद्यार्थीका तुलनामा नेपाली पहिलो भाषा हुने विद्यार्थीहरू उत्पादनात्मक शब्दभण्डार क्षमतामा निकै सन्तोषजनक देखिन्छन् ।

### ४.३. शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको तुलनात्मक स्थिति

#### ४.३.१. समग्र शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको तुलनात्मक स्थिति

**तालिका सङ्ख्या ४.३.१.१.: स्थानीयताका दृष्टिले समग्र शब्दभण्डार क्षमतामा गाउा र सहरको तुलना**

| स्थानीयता | सङ्ख्या | मध्यमान | प्रमाप विचलन | z मान |
|---|---|---|---|---|
| गाउँ | ९० | ५२.८२ | १५.३२ | २.७० |
| सहर | ९० | ६०.२२ | १६.४५ | |

उक्त तालिकामा गाउँका ९० जना र सहरका ९० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । गाउँतर्फको मध्यमान ५३.८२ र प्रमाप विचलन १५.३२ रहेको छ । सहरतर्फको मध्यमान ६०.२२ र प्रमाप विचलन १६.४५ रहेको छ । उक्त तथ्यको आधारमा तुलनात्मक विश्लेषण गर्दा गाउँ र सहरका विद्यार्थीमा फराकिलो अन्तर देखिएको छ । सहरका विद्यार्थी गाउँका विद्यार्थीभन्दा शब्दभण्डार क्षमतामा धेरै अगाडि छन् भन्ने कुरा सहरका विद्यार्थीको मध्यमान गाउँका विद्यार्थीको भन्दा ६.४ ले बढी भएबाट स्पष्ट हुन्छ । त्यसमाथि पनि ०.०५ को सार्थकता तहमा 'Z' मान २.७१ आएकाले दुवै समूहको शब्दभण्डार क्षमतामा सार्थक अन्तर रहेको प्रमाणित हुन्छ । त्यसैले शब्दभण्डार क्षमतामा स्थानीयताका आधारमा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पनाको खण्डन भएको छ । प्रमाप विचलनको आधारमा हेर्दा गाउँका विद्यार्थीहरूका तुलनामा सहरका विद्यार्थीको शब्दभण्डार क्षमतामा बढी विचलन देखिन्छ भने मध्यमानलाई मात्र आधार बनाएर हेर्दा गाउँका विद्यार्थीभन्दा सहरका विद्यार्थी निकै अगाडि देखिन्छन् ।

**तालिका सङ्ख्या ४.३.१.२ः लैङ्गिक दृष्टिले समग्र शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीको तुलना**

| स्थानीयता | सङ्ख्या | मध्यमान | प्रमाप विचलन | z मान |
|---|---|---|---|---|
| छात्र | ९० | ५८.२१ | १६.१० | ०.९८ |
| छात्रा | ९० | ५५.८३ | १६.२५ | |

उक्त तालिकामा छात्रातर्फ ९० जना र छात्रतर्फ ९० जना विद्यार्थीरूलाई समावेश गरिएको छ । छात्रातर्फको मध्यमान ५८.२१ र प्रमाप विचलन १६.१० रहेको छ । छात्रतर्फ मध्धमान ५५.८३ र प्रमाप विचलन १६.२५ रहेको छ । उक्त सूचकहरूलाई आधारविन्दु बनाएर छात्रा र छात्रहरूको शब्दभण्डार क्षमताको तुलनात्मक विश्लेषण गर्दा मध्यमान र

प्रमाप विचलनमा अन्तर देखिए पनि समग्र शब्दभण्डार सामर्थ्यमा खासै अन्तर रहेको देखिँदैन । ०.०५ को सार्थक तहमा z को गणनीय मान (Calcualted value) ०.९८ आएको र तालिकीकृत मान (Tabulated value 1.96) भन्दा गणनीय मान (Calcualted value 0.98) कम आएकाले छात्र र छात्रामा शब्दभण्डार क्षमतामा कुनै फरक छैन भन्ने शून्य प्राक्कल्पना प्रमाणित भएको छ । मध्यमानका आधारमा मात्र विश्लेषण गर्दा छात्रभन्दा छात्रा अगाडि देखिन्छन् भने प्रमाप विचलन हेर्दा छात्र-छात्राका तुलनामा सामान्य विचलनमा देखिन्छन् ।

**तालिका सङ्ख्या ४.३.१.३.: समग्र शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको विद्यार्थीहरूको तुलना**

| स्थानीयता | सङ्ख्या | मध्यमान | प्रमाप विचलन | z मान |
|---|---|---|---|---|
| गाउँ | ९० | ६१.०३ | १५.४५ | ३.४२ |
| सहर | ९० | ५३.०१ | १५.९६ | |

उक्त तालिकामा सरकारीतर्फ ९० जना र निजी विद्यालयतर्फ ९० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । सरकारी विद्यालयतर्फको मध्यमान ६१.०३ रहेको छ भने प्रमाप विचलन १५.४५ रहको छ । निजी विद्यालयतर्फको मध्यमान ५३.०१ रहेको छ भने प्रमाप विचलन १५.९६ रहेको छ । मध्यमानका आधारमा हेर्दा निजी विद्यालयका विद्यार्थीभन्दा सरकारी विद्यालयका विद्यार्थी धेरै अगाडि देखिन्छन् भने प्रमाप विचलनको आधारमा हेर्दा सरकारी विद्यालयका विद्यार्थीको तुलनामा निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमतामा केही बढी विचलन देखिन्छ । दुवै समूहको z मान ३.४२ देखिएको छ । यी तथ्यहरूलाई केलाएर तुलनात्मक विश्लेषण गर्दा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूबीच समग्र शब्दभण्डार क्षमतामा निकै भिन्नता रहेको पाइन्छ । उक्त कुरा ०.०५ को सार्थक तहमा z को मान ३.४२ आएबाट सरकारी र निजी विद्यालयका विद्यार्थीमा शब्दभण्डार क्षमतामा अन्तर छ भन्ने वैकल्पिक प्राक्कल्पना सार्थक प्रमाणित भएको छ ।

**तालिका सङ्ख्या ४.३.१.४: भाषिक पृष्ठभूमिका दृष्टिले समग्र शब्दभण्डार क्षमतामा नेपाली मातृभाषा हुने र नहुने विद्यार्थीहरूको तुलना**

| स्थानीयता | सङ्ख्या | मध्यमान | प्रमाप विचलन | z मान |
|---|---|---|---|---|
| नेपाली पहिलो भाषा हुने | ९० | ६०.०२ | १६.५९ | २.५३ |
| नेपाली दोस्रो भाषा हुने | ९० | ५४.०२ | १५.२५ | |

उक्त तालिकामा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीको सङ्ख्या क्रमशः ९० र ९० रहेको छ । नेपाली पहिलो भाषा हुने समूहको मध्यमान ६०.०२ र प्रमापविचलन १६.५९ रहेको छ भने नेपाली दोस्रो भाषा हुने समूहको मध्यमान ५४.०२ र प्रमापविचलन १५.२५ रहेको छ । त्यसैगरी दुवै समूहबीचको 'z' मान २.५३ रहेको छ । मध्यमानलाई मात्र आधार बनाएर तुलना गर्दा नेपाली पहिलो भाषा हुने विद्यार्थीभन्दा नेपाली दोस्रो भाषा हुने विद्यार्थीको मध्यमान (६ अन्तर) कम रहेकाले समग्र शब्दभण्डार क्षमतामा नेपाली दोस्रो भाषा हुनेभन्दा नेपाली पहिलो भाषा हुने विद्यार्थीमा बढी सामर्थ्य रहेको स्पष्ट हुन्छ । प्रमाप विचलनका आधारमा हेर्दा भने नेपाली दोस्रो भाषा हुने विद्यार्थीको तुलनामा नेपाली पहिलो भाषा हुने विद्यार्थीहरूमा विचलन ०.३४ ले बढी देखिन्छ ।

उक्त तथ्याङ्कीय सूचकलाई आधार मान्दा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीबीच z को मान ०.०५ को सार्थकता तहमा २.५३ आएबाट दुवै समूहका विद्यार्थीमा शब्दभण्डार क्षमतामा स्पष्ट अन्तर रहेको प्रमाणित हुन्छ । n-1 को स्वतन्त्रता तह (Degree of freedom) मा z को गणनीय मान (Calculated value 2.53) तालिकीकृत मान (Tabulated value 1.96) भन्दा बढी भएकाले वैकल्पिक प्राक्कल्पना सही ठहरियो र उक्त दुवै समूहबीचको शब्दभण्डार क्षमतामा खासै अन्तर छैन भन्ने प्राक्कल्पना खण्डित भएको छ ।

### ४.३.२. पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको तुलनात्मक स्थिति

**तालिका सङ्ख्या ४.३.२.१: स्थानीयताको दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीको तुलना**

| स्थानीयता | सङ्ख्या | मध्यमान | प्रमापविचलन | z मान |
|---|---|---|---|---|
| गाउँ | ९० | ३३.२ | ८.६३ | २.७६ |
| सहर | ९० | ३६.६६ | ८.२५ | |

उक्त तालिकामा गाउँका विद्यार्थीको सङ्ख्या ९० रहेको छ भने मध्यमान ३३.२ र प्रमाप विचलन ८.६२ रहेको छ । त्यस्तै सहरका विद्यार्थीहरूको मध्यमान ३३.६६ र प्रमाप विचलन ८.२४ रहेको छ । मध्यमानका आधारमा तुलना गर्दा गाउँका विद्यार्थी भन्दा सहरका विद्यार्थी शब्दभण्डार क्षमतामा अगाडि देखिन्छन् भने प्रमाप विचलनलाई हेर्दा गाउँका विद्यार्थीमा भन्दा सहरका विद्यार्थीमा मध्यमान ३.४५ ले बढी देखिन्छ । उक्त तथ्याङ्कीय सूचकलाई आधार मानी दुवै समूहका विद्यार्थीबीच z परीक्षणद्वारा तुलना गरेर हेर्दा पहिचानात्मक शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीबीच स्पष्ट भिन्नता रहेको छ । उक्त कुरा ०.०५ को सार्थक तहमा z को मान २.७६ आएबाट स्पष्टसँग प्रमाणित भएको छ र z को गणनीय मान (Calculated value 2.76) तालिकीकृत मूल्य (Tabulated value 1.96) भन्दा बढी आएकाले गाउँ र सहरका विद्यार्थीबीच शब्दभण्डार क्षमतामा स्पष्ट भिन्नता देखिन्छ । गाउँ र सहरका विद्यार्थीमा शब्दभण्डार क्षमतामा अन्तर छ भन्ने वैकल्पिक प्राक्कथन सत्य साबित भएको छ ।

**तालिका सङ्ख्या ४.३.२.२.: लैङ्गिक दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा छात्र र छात्राको तुलना**

| लिङ्ग | सङ्ख्या | मध्यमान | प्रमापविचलन | z मान |
|---|---|---|---|---|
| छात्र | ९० | ३४.२७ | ८.९९ | १.०३ |
| छात्रा | ९० | ३५५८ | ८.१७ | |

माथिको तालिकामा नमुनाको रूपमा छात्रतर्फ ९० जना र छात्रातर्फ ९० जना विद्यार्थी रहेको छ । जसमा छत्रतर्फको मध्यमान र प्रमाप विचलन क्रमशः ३४.२७ र ८.९९ रहेका छ भने छात्रातर्फ मध्यमान र प्रमाप विचलन क्रमशः ३५.५८ र ८.१७ रहेका छन् । मध्यमानलाई मात्र आधार बनाएर हेर्दा छात्र र छात्राबीचमा खासै अन्तर देखिँदैन भने प्रमाप विचलनमा पनि छात्र र छात्रामा समान विचलन देखिन्छ । तालिकामा उल्लेखित सूचकलाई आधार बनाएर तुलनात्मक विश्लेषण गर्दा छात्रा र छात्रहरूबीच शब्दभण्डार क्षमतामा अन्तर नरहेको ०.०५ को सार्थक तहमा z को मान १.०३ हुनुले दुवै समूहबीच शब्दभण्डार क्षमतामा कुनै अन्तर छैन भन्ने प्राक्कल्पना सत्य साबित भएको छ ।

**तालिका सङ्ख्या ४.३.२.३: सरकारी र निजी विद्यालयका विद्यार्थीको पहिचानात्मक शब्दभण्डार क्षमताको तुलना**

| विद्यालयको स्वरूप | सङ्ख्या | मध्यमान | प्रमापविचलन | z मान |
|---|---|---|---|---|
| सरकारी | ९० | ३६.५८ | ८.११ | २.६४ |
| निजी | ९० | ३३.२७ | ८.७८ | |

सरकारी विद्यालयका विद्यार्थीहरूको मध्यमान ३६.५८ र प्रमाप विचलन ८.११ रहेको छ भने निजी विद्यालयका विद्यार्थीहरूको मध्यमान ३३.२७ र प्रमाप विचलन ८.७८ रहेको छ । दुवै समूहबीचको z मान २.६४ रहेको छ ।

मध्यमानलाई मात्र आधार बनाएर तुलना गर्दा निजी विद्यालयका विद्यार्थीभन्दा सरकारी विद्यालयका विद्यार्थीको मध्यमान (३.३१ अन्तर) बढी रहेकाले पहिचानात्मक शब्दभण्डार क्षमतामा निजी विद्यालयका विद्यार्थी भन्दा सरकारी विद्यालयका विद्यार्थीमा बढी सामर्थ्य रहेको स्पष्ट हुन्छ । प्रमाप विचलन हेर्दा सरकारी विद्यालयका विद्यार्थीहरूभन्दा निजी विद्यालयका विद्यार्थीहरूमा विचलन केही बढी देखिन्छ । यी माथिका तथ्याङ्कलाई आधार बनाएर तुलनात्मक विश्लेषण गर्दा पनि सरकारी र निजी विद्यालयका विद्यार्थीहरूमा शब्दभण्डार सामर्थ्यमा स्पष्ट भिन्नता देखिएको छ । दुवै विद्यालयका विद्यार्थीबीच z परीक्षणद्वारा तुलना गरेर हेर्दा z को मान ०.०५ को सार्थकता तहमा २.६४ आएबाट सरकारी र निजी विद्यालयका विद्यार्थीमा शब्दभण्डार क्षमतामा स्पष्ट अन्तर रहेको प्रमाणित हुन्छ । n–1 को स्वतन्त्रता तह (Degree of freedom) मा z को गणनीय मान (Calcualted value 2.64) तालिकीकृत मान (Tabulated value 1.96) भन्दा बढी भएकाले सरकारी र निजी विद्यालयका विद्यार्थीहरूमा शब्दभण्डार क्षमतामा खासै अन्तर छैन भन्ने प्राक्कल्पना खण्डित भएको छ ।

यसो हुनुमा निजी विद्यालयका विद्यार्थीहरूको नेपाली विषयहरूको शिक्षण मध्यम अँग्रेजी हुनु, नेपाली भाषा पाठ्यपुस्तकको शिक्षणलाई कम महत्त्व दिइनु, नेपाली विषय अध्ययनप्रति विद्यार्थीहरूको हेलचक्रयाँइ देखिनु, सचेतताको कमी हुनु जस्ता अन्य कतिपय कारणहरूले समेत महत्वपूर्ण भूमिका खेलेको हुनसक्छ । यसले गर्दा सरकारी विद्यालयको

तुलनामा निजी विद्यलायका विद्यार्थीहरू नेपाली शब्द्यभण्डार क्षमतामा कमजोर रहेको तथ्य साबित भएको छ ।

**तालिका सङ्ख्या ४.३.२.४: भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको तुलना**

| भाषिक पृष्ठभूमि | सङ्ख्या | मध्यमान | प्रमापविचलन | z मान |
|---|---|---|---|---|
| नेपाली पहिलो भाषा हुने | ९० | ३६.०८ | ९.१३ | १.८४ |
| नेपाली दोस्रो भाषा हुने | ९० | ३३.७७ | ७.६८ | |

माथिको तालिका अनुसार नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको सङ्ख्या क्रमशः ९० र ९० रहेको छ । जसमा नेपाली पहिलो भाषा हुने विद्यार्थीको मध्यमान ३६.०८ र नेपाली दोस्रो भाषा हुने विद्यार्थीको मध्यमान ३३.७७ रहेको छ । दुवै समूहबीचको z मान १.८४ देखिन्छ । यी तथ्याङ्कीय सूचनालाई आधार विन्दु बनाएर तुलनात्मक विश्लेषण गर्दा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूबीच पहिचानात्मक शब्दभण्डार क्षमतामा खासै भिन्नता देखिँदैन । नेपाली भाषा दोस्रो हुने विद्यार्थीहरूको भन्दा नेपाली भाषा पहिलो हुने विद्यार्थीको मध्यमान २.३१ ले मात्र बढी देखिन्छ । प्रमाप विचलन हेर्दा नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरू भन्दा नेपाली पहिलो भाषा हुने विद्यार्थीहरूमा विचलन बढी देखापर्छ । यसरी हेर्दा नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको क्षमतामा बढी एकरूपता रहेको देखिन्छ । दुवै समूहका विद्यार्थीहरूबीच z परीक्षणद्वारा तलना गरेर हेर्दा z को मान ०.०५ को सार्थकता तहमा १.८४ हुनले शब्दभण्डार क्षमतामा अन्तर नरहेको प्रमाणित हुन्छ । यसरी उपयुक्त अध्ययन विश्लेषणबाट के प्रमाणित हुन्छ भने नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमतामा समान स्थिति रहेको छ र दुवै समूहबीच खास अन्तर छैन भन्ने प्राक्कल्पना सत्य साबित भएको छ ।

**तालिका सङ्ख्या ४.३.२.५.: स्थानीयताका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीबीचको तुलना**

| स्थानीयता | सङ्ख्या | मध्यमान | प्रमापविचलन | z मान |
|---|---|---|---|---|
| गाउँ | ९० | २०.६२ | ७.८१ | २.३२ |
| सहर | ९० | २३.५५ | ९.१० | |

स्थानीयताका दृष्टिले हेर्दा गाउँका विद्यार्थीको मध्यमान २०.६२ र प्रमाप विचलन ७.८१ रहेको छ भने सहरका विद्यार्थीको मध्यमान २३.५५ रहेको छ र प्रमाप विचलन ९.१० रहेको छ । दुवै समूहबीचको z मान २.३२ रहेको छ । उत्पादनात्मक क्षमतामा मध्यमानलाई मात्र आधार बनाएर हेर्दा केही अन्तर देखिन्छ भने प्रमाप विचलनलाई हेर्दा सहरी विद्यालयका विद्यार्थीमा विचलन १.२९ ले बढी देखिन्छ । यसरी हेर्दा सहरका भन्दा गाउँका विद्यार्थीहरूको क्षमतामा बढी एकरूपता रहेको पाइन्छ । गाउँका र सहरका विद्यार्थीबीच z परीक्षणद्वारा तुलना गरेर हेर्दा z को मान ०.०५ को सार्थकता तहमा २.३२ आएबाट गाउँ र सहरका विद्यार्थीमा शब्दभण्डार क्षमतामा स्पष्ट अन्तर रहेको प्रमाणित हुन्छ । n–1 को स्वतन्त्रता तह (Degree of freedom) मा z को गणनीय मान (Calculated value 2.32) तालिकीकृत मान (Tabulated value 1.96) भन्दा बढी भएकाले वैकल्पिक प्राक्कल्पना सही ठहरियो अथवा गाउँ र सहरका विद्यार्थीहरूमा शब्दभण्डार क्षमतामा खासै अन्तर छैन भन्ने प्राक्कल्पना खण्डित भएको छ ।

**तालिका सङ्ख्या ४.३.२.६: लैङ्गिक दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा छात्र र छात्राबीचको तुलना**

| लिङ्ग | सङ्ख्या | मध्यमान | प्रमापविचलन | z मान |
|---|---|---|---|---|
| छात्रा | ९० | २२.६२ | ८.७४ | ०.८४ |
| छात्र | ९० | २१.५५ | ८.४४ | |

उपर्युक्त तालिकामा नमूनाकारूपमा छात्रातर्फ ९० जना र छात्रतर्फ ९० जना विद्यार्थीलाई लिइएको छ । यहाँ छात्रातर्फको उत्पादनात्मक शब्दभण्डारमा समग्र मध्यमान २२.६२ रहेको छ भने प्रमाप विचलन ८.७४ रहको छ । त्यसैगरी छात्रतर्फको उत्पादनात्मक शब्दभण्डारमा समग्र मध्यमान २१.५५ रहेको छ भने प्रमाप विचलन ८.४४ रहेको छ । यी दुवै समूहबीचको z मान ०.८४ रहेको छ । मध्यमानलाई आधार बनाउँदा छात्रभन्दा छात्राहरू शब्दभण्डार सामर्थ्यमा केही अगाडि छन् भने प्रमाप विचलनमा छात्राहरूको तुलनामा छात्रहरूमा कम विचलन देखिन्छ । उक्त सूचकहरूका बीच z परीक्षणद्वारा तुलना गरेर हेर्दा उत्पादनात्मक शब्दभण्डार क्षमतामा छात्र र छात्रातर्फ खासै अन्तर नरहेको स्पष्ट हुन्छ । यस कुरालाई z को मान ०.०५ को सार्थक तहमा ०.८४ (जुन तालिकीकृत मान Tabulated value भन्दा सानो छ) हुनुले स्पष्ट पार्छ । यसले गर्दा छात्रा र छात्रबीच उत्पादनात्मक शब्दभण्डार सामर्थ्यमा खासै अन्तर छैन भन्ने प्राक्कल्पना सार्थक भएको छ ।

**तालिका सङ्ख्या ४.३.२.७: उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना**

| विद्यालयको स्वरूप | सङ्ख्या | मध्यमान | प्रमापविचलन | z मान |
|---|---|---|---|---|
| सरकारी | ९० | २४.४४ | ८.४६ | ३.८६ |
| निजी | ९० | १९.७३ | ८.०९ | |

प्रस्तुत तालिकाअनुसार सरकारी विद्यालयका विद्यार्थीहरूको मध्यमान २४.४४ र प्रमाप विचलन ८.४६ रहेको छ भने निजी विद्यालयका विद्यार्थीहरूको मध्यमान १९.७३ र प्रमाप विचलन ८.०९ रहेको छ । यी दुवै चलहरूबीचको z मान ३.८६ रहेको छ । मध्यमानलाई आधार बनाएर व्याख्या गर्दा निजी विद्यालयका भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमतामा मध्यमान (४.७१ अन्तर) बढी रहेकाले सरकारी विद्यार्थीमा बढी सामर्थ्य रहेको स्पष्ट हुन्छ । प्रमाप विचलनलाई हेर्दा भने सरकारी विद्यालयका विद्यार्थीका तलनामा निजी विद्यालयका विद्यार्थीहरू उत्पादनात्मक शब्दभण्डार क्षमतामा केही कम विचलित देखिन्छन् ।

यी माथिका तथ्याङ्कलाई आधार बनाएर तुलनात्मक विश्लेषण गर्दा पनि सरकारी र निजी विद्यार्थीहरूमा शब्दभण्डार क्षमता स्पष्टः भिन्नता देखिएको छ । सरकारी र निजी विद्यार्थीबीच z परीक्षणद्वारा तुलना गरेर हेर्दा z को मान ०.०५ को सार्थक तहमा ३.८६ आएबाट सरकारी र निजी विद्यार्थीमा शब्दभण्डार क्षमतामा स्पष्ट अन्तर रहेको प्रमाणित हुन्छ । n-1 को स्वतन्त्रता तह (Degree of freedom) मा z को गणनीय मान (Calculated value 3.86) तालिकीकृत मान (Tabulated value 1.96) भन्दा बढी भएकाले सरकारी र निजी विद्यार्थीहरूमा शब्दभण्डार क्षमतामा खासै अन्तर छैन भन्ने प्राक्कल्पना खण्डित भएको छ ।

**तालिका सङ्ख्या ४.३.२.८: भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको तुलना**

| भाषिक पृष्ठभूमि | सङ्ख्या | मध्यमान | प्रमापविचलन | z मान |
|---|---|---|---|---|
| नेपाली पहिलो भाषा हुने | ९० | २३.९३ | ८.०५ | २.९५ |
| नेपाली दोस्रो भाषा हुने | ९० | २०.२४ | ८.७५ | |

उक्त तालिकाअनुसार पहिलो भाषि विद्यार्थीको मध्यमान २३.९३ र प्रमाप विचलन ८.०५ रहेको छ भने दोस्रो भाषि विद्यार्थीहरूको मध्यमान २०.२४ र प्रमाप विचलन ८.७५ रहेको छ। मध्यमानलाई आधार बनाएर हेर्दा दोस्रो भाषि विद्यार्थीको तुलनामा नेपाली पहिलो भाषा हुने विद्यार्थीमा उत्पादनात्मक शब्दभण्डार सामर्थ्य केही राम्रो पाइन्छ। तुलनात्मक रूपमा हेर्दा दोस्रो भाषा विद्यार्थीभन्दा पहिलो भाषि विद्यार्थी शब्दभण्डार क्षमतामा केही अगाडि देखिए पनि दुवै समूहका विद्यार्थीहरूको शब्दभण्डार सामर्थ्य सन्तोषजनक देखिँदैन। दुवै समूहका विद्यार्थीबीच z परीक्षणद्वारा तुलना गरेर हेर्दा उत्पादनात्मक शब्दभण्डार क्षमतामा स्पष्ट भिन्नता रहेको देखिन्छ। उक्त कुरा z मा २.९५ निर्दिष्ट ०.०५ तहमा सार्थक सिद्ध भएबाट प्रमाणित हुन्छ साथै दुवै समूहबीच शब्दभण्डार क्षमतामा खासै अन्तर छैन भन्ने प्राक्कल्पना गलत साबित भएको छ।

## ४.४. प्रतिशतका आधारमा शब्दभण्डार क्षमताको स्थिति

| समग्र शब्दभण्डार | माथिल्लो ६० प्रतिशत भन्दा माथि | | मध्यम समूह ४० प्रतिशत देखि ५९ प्रतिशत सम्म | | तल्लो समूह ४० प्रतिशत भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | सख्या | प्रतिशत | सख्या | प्रतिशत | सख्या | प्रतिशत |
| समग्र शब्दभण्डार | ७५ | ४१.६६ | ७५ | ४१.६६ | ३० | १६.६६ |
| पहिचानात्मक शब्दभण्डार | ९९ | ५५ | ७४ | ४१.१ | ७ | ३.८८ |
| उत्पादनात्मक शब्दभण्डार | ५८ | ३२.२२ | ६४ | ३५.५५ | ५८ | ३२.२२ |

माथिको तालिका अनुसार ७५ जना अर्थात् ४१.६६ प्रतिशत विद्यार्थी माथिल्लो समूहमा परेका छन्। त्यसैगरी तल्लो समूहमा ३० जना अर्थात् १६.६६ प्रतिशत विद्यार्थी रहको छन्। यसबाट झण्डै ४१ प्रतिशतभन्दा बढी विद्यार्थी (४०–५९) प्रतिशतको बीचमा रहेको देखिन्छ। पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डार क्षमतामा ४१ प्रतिशत विद्यार्थीको क्षमता मध्यम स्तरको देखिन्छ। तल्लो समूहमा १६.६६ प्रतिशत विद्यार्थी हुनुले पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारमा विद्यार्थीहरूको क्षमता उत्साहप्रद नभई मध्यम स्तरको मान्न सकिन्छ। पक्षगत दृष्टिले हेर्दा पहिचनात्मक शब्दभण्डार क्षमतामा माथिल्लो समूहमा ९९ जना अर्थात् ५५ प्रतिशत विद्यार्थी रहेक छन्। ४०–५९ प्रतिशतको बीचमा ७४ जना अर्थात् ४१.१ प्रतिशत विद्यार्थी रहेका छन्। यस तथ्यलाई हेर्दा विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार

सामर्थ्य राम्रो देखिन्छ । माथिल्लो श्रेणी र मध्यम श्रेणीमा सामान्य अन्तर मात्र देखिएको छ भने तल्लो श्रेणीमा पनि ७ जना अर्थात ३.८८ प्रतिशत विद्यार्थी मात्र रहनुले शब्दभण्डार क्षमता सन्तोषप्रद मान्न सकिन्छ ।

उत्पादनात्मकतर्फ माथिल्लो श्रेणीमा ५८ जना अर्थात ३२.२२ प्रतिशत विद्यार्थी रहेका छन् भन्ने तल्लो श्रेणीमा पनि ५८ जना अर्थात् ३२.२२ प्रतिशत विद्यार्थी रहनुले उत्पादनात्मक शब्दभण्डारमा विद्यार्थीहरूको क्षमता सन्तोषजनक देखिँदैन । माथिल्लो श्रेणीमा र तल्लो श्रेणीमा बराबरी विद्यार्थी सङ्ख्या रहनुले विद्याथीको शब्दभण्डार क्षमता अत्यन्त कमजोर रहेको स्पष्ट हुन्छ । मध्यम श्रेणीतर्फ ६४ जना अर्थात् ३५.५५ प्रतिशत विद्यार्थी रहेका छन् । माथिल्लो, तल्लो र मध्यम तीनवटै श्रेणीमा लगभग बराबर विद्यार्थी सङ्ख्या रहनुले उत्पादनात्मक शब्दभण्डार सामर्थ्यमा विद्यार्थीको अवस्था अत्यन्त कमजोर साबित हुन्छ । माथिका तिनै पक्षको तथ्याङ्क हेर्दा कुनै पनि श्रेणीमा बहुसङ्ख्यक विद्यार्थी नपर्नुले शब्दभण्डार सामर्थ्य सन्तोषजनक मान्न सकिँदैन ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१. निष्कर्ष

यस अध्ययनमा कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमताप्रस्तुत अध्ययनका निम्नलिखित निष्कर्ष रहेका छन् ।

१. समग्र शब्दभण्डार क्षमतामा विद्यार्थीको उपलब्धिको मध्यमानलाई आधार मानी मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलका विद्यार्थीहरूको प्रतिशत हेर्दा बहुप्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेको पाइएकाले समग्र शब्दभण्डार क्षमता सन्तोषजनक मान्न सकिँदैन ।

२. समग्र मध्यमानको आधारमा शब्दभण्डार क्षमतालाई स्थानीयताका दृष्टिले हेर्दा सहरी क्षेत्रका बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि एवम् ग्रामीण क्षेत्रका बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिएकाले ग्रामीण क्षेत्रका विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमता कमजोर र सहरी क्षेत्रका विद्यार्थीहरूको क्षमता सन्तोषजनक रहेको पाइन्छ । त्यसैगरी छात्र तथा छात्राको तुलनात्मक अध्ययन गर्दा छात्रातर्फ बहुप्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेका छन् भने छात्रतर्फ बहुप्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको स्थिति छ यसले गर्दा छात्राहरूको शब्दभण्डार क्षमता सन्तोषजनक छ तर छात्रको क्षमता अत्यन्त नाजुक रहेको तथ्य स्पष्ट देखिन्छ । समग्र मध्यमानलाई नै आधार बनाएर सरकारी र निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता हेर्दा सरकारी विद्यालयका बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहेकोले शब्दभण्डार क्षमता पर्याप्त सकारात्मक देखिन्छ भने निजी विद्यालयका बहुसंख्यक विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर साबित भएको तथ्य स्पष्ट हुन्छ ।

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलो भाषा हुने बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र नेपाली दोस्रो भाष हुने बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिन्छन् । त्यसैले नेपाली पहिलो भाषा हुने विद्यार्थीहरूको क्षमता सन्तोषप्रद रहेको छ भने नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर साबित भएको छ ।

३. पहिचानात्मक शब्दभण्डार क्षमतामा बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा माथि भएकाले विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो भए पनि झण्डै ४६ प्रतिशत भन्दा बढी विद्यार्थी मध्यमानभन्दा तल रहनुले पहिचानात्मक शब्दभण्डारमा पनि विद्यार्थीको क्षमता उत्साहजनक देखिँदैन ।

४. उत्पादनात्मक शब्दभण्डारमा पनि बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा माथि छन् । तथापि झण्डै ४८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकाले विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता अत्यन्त कमजोर देखिन्छ ।

५. पहिचानात्मक शब्दभण्डारमा विभिन्न समूहहरूको स्थितिलाई नियाल्दा गाउँका बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल र सहरका बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि पाइएकाले गाउँका विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता निकै नै कमजोर र सहरका विद्यार्थीहरूको क्षमता निकै नै सुदृढ र सबल रहेको प्रष्ट देखिन्छ । त्यसैगरी छात्र र छात्रातर्फ हेर्दा बहुप्रतिशत छात्र विद्यार्थीहरू मध्यमानभन्दा तल र अल्पसंख्यक छात्रा विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले पहिचानात्मक शब्दभण्डारमा छात्र विद्यार्थीहरूको क्षमता कमजोर र छात्रा विद्यार्थीहरूको क्षमता बलियो भएको स्पष्ट देखिन्छ । सरकारी र निजी विद्यालयका विद्यार्थीको शबदभण्डार क्षमता हेर्दा सरकारी विद्यालयका बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा माथि र निजी विद्यालयका अल्पसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहनले निजी विद्यालयका विद्यार्थीको तुलनामा सरकारी विद्यालयका विद्यार्थीको पहिचानात्मक शब्दभण्डार क्षमता सन्तोषप्रद देखिन्छ । ५२ प्रतिशत भन्दा बढी विद्यार्थी मध्यमानभन्दा तल हुनुले निजी विद्यालयका विद्यार्थीको शब्दभण्डार सामर्थ्य कमजोर रहेको देखिन्छ भने ६० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि भएकाले सरकारी विद्यालयका विद्यार्थीको पहिचानात्मक शब्दभण्डार सामर्थ्य सन्तोषजनक देखिन्छ । त्यसरी नै भाषिक पृष्ठभूमिका आधारमा समग्र शब्दभण्डारमा जस्तै यस पहिचानात्मक शब्दभण्डार क्षमतामा पनि नेपाली पहिलो भाषा हुने अधिक विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पसंख्यक विद्यर्थीहरू मध्यमानभन्दा तल रहनुले नेपाली पहिलो भाषा हुने विद्यार्थीहरूको क्षमता सन्तोषप्रद रहेको छ भने नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको क्षमता कमजोर भएको पाइएको छ ।

६. उत्पादनात्मक समग्र शब्दभण्डार क्षमताको अध्ययन गर्दा स्थानीयताका दृष्टिले गाउँतर्फका अल्पसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि र सहरी क्षेत्रका बहुसंख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले गाउँका विद्यार्थीहरूको उत्पादनात्मक शबदभण्डारसम्बन्धी सामर्थ्य कमजोर र सहरका विद्यार्थीहरूको शब्दभण्डार सामर्थ्य निकै सन्तोषजनक रहेको देखिन्छ । उक्त शब्दभण्डारमा छात्रतर्फ बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा तल रहेको स्थिति छ भने छात्रातर्फ बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहनुले उत्पादनात्मक शब्दभण्डार सामर्थ्यमा छात्रको तुलनामा छात्रा निकै अग्रस्थानमा रहेको प्रष्ट हुन्छ । छात्रतर्फ मध्यमानभन्दा तल पनि लगभग आधा जस्तो विद्यार्थी हुनुले उत्पादनात्मक शब्दभण्डार सामर्थ्य कमजोर देखिन्छ साथै छात्रातर्फ पनि ६० प्रतिशत भन्दा कम विद्यार्थी मध्यमानभन्दा माथि रहनु प्रयाप्त सन्तोषजनक मान्न सकिँदैन । सरकारी र निजी विद्यालयका विद्यार्थीको उत्पादनात्मक शब्दभण्डार क्षमता हेर्दा पनि निजी विद्यालयका विद्यार्थी भन्दा सरकारी विद्यालयका विद्यार्थी २० प्रतिशतले बढी क्षमतावान देखिएका छन् । भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलो भाषा हुने विद्यार्थीका तुलनामा नेपाली दोस्रो भाषा हुने विद्यार्थीको क्षमता कमजोर रहेको देखिन्छ । नेपाली दोस्रो भाषा हुने बहुसंख्यक विद्यार्थी मध्यमानभन्दा तल रहनुले यो कुरा प्रष्ट हुन्छ ।

७. समग्र शब्दभण्डारमा स्थानीयताका आधारमा विश्लेषण गर्दा गाउँ र सहरका विद्यार्थीको शब्दभण्डार क्षमतामा सार्थक अन्तर रहेको कुरा z मान ०.०५ तहमा सार्थक सिद्ध हुनुले यी दुई समूहबीच भिन्नता रहेको प्रमाणित भएको छ ।

८. समग्र शब्दभण्डारमा छात्र र छात्रा विद्यार्थीहरूको क्षमतामा कुनै अन्तर रहेको देखिँदैन । मध्यमानबाट तुलना गरेर हेर्दा दुबै समूहबीच झिनो विभेद देखिए तापनि z मान ०.०५ तहमा हेर्दा z को गणनीय मान (Calcualted value) ०.९८ आएबाट छात्र र छात्राबीचको समग्र शब्दभण्डार क्षमता समान भएको स्पष्ट देखिएको छ ।

९. मध्यमानको आधारमा हेर्दा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूबीच समग्र शब्दभण्डार क्षमतामा व्यापक अन्तर देखिएको छ भने z परीक्षणद्वारा तुलना गरेर हेर्दा पनि z मान ३.४२ निर्दिष्ट ०.०५ तहमा सार्थक भएबाट उक्त कुरा प्रमाणित भएको छ ।

१०. समग्र शब्दभण्डार क्षमतामा नेपाली पहिलो भाषा हुने विद्यार्थी र नेपाली दोस्रो भाषा हुने विद्यार्थीबीच तुलना गर्दा पहिलो भाषि विद्यार्थीहरू नै अग्रस्थानमा रहेका छन् भने z परीक्षणबाट पनि दुवै समूहबीच खास अन्तर रहेको प्रमाणित भएको छ ।

११. पहिचानात्मक शब्दभण्डारसम्बन्धी क्षमतामा गाउँ र सहरका विद्यार्थीबीच तुलना गर्दा मध्यमानका आधारमा गाउँका भन्दा सहरका विद्यार्थीको क्षमता सन्तोषजनक देखिएको छ भने Z परीक्षणबाट तुलना गरेर हेर्दा पनि 'z' को गणनीय मान २.७६ बाट दुवै समूहबीच खास अन्तर रहेको प्रमाणित हुन्छ ।

१२. लिङ्गगत दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा छात्र र छात्राको तुलना गर्दा मध्यमानका दृष्टिले सामान्य अन्तर रहे पनि सार्थक अन्तर नरहेको कुरा z को गणनीय मान १.०३ बाट पुष्टि हुन्छ ।

१३. सरकारी र निजी विद्यालयका विद्यार्थीको पहिचानात्मक शब्दभण्डार क्षमताको तुलना गर्दा सरकारी विद्यालयका विद्यार्थी केही अगाडि देखिन्छन् । z परीक्षण गरी हेर्दा पनि दुवै समूहका विद्यार्थीको शब्दभण्डार क्षमतामा सार्थक अन्तर देखिन्छ ।

१४. पहिचानात्मक शब्दभण्डारसम्बन्धी क्षमतामा भाषिक पृष्ठभूमिगत भेदको खास अन्तर नपरेको पाइन्छ । उक्त कुरा z मान ०.०५ को सार्थकता तहमा १.८४ हुनुले अप्रमाणिक छ । त्यसैले दुवै समूहबीच खास भिन्नता देखिँदैन ।

१५. उत्पादनात्मक शब्दभण्डारसम्बन्धी क्षमतामा गाउँ र सहरका विद्यार्थीहरूबीच तुलना गर्दा शब्दभण्डार क्षमतामा सार्थक अन्तर पाइन्छ । z को गणनीय मान (Calcualted value) २.३२ दुवै समूहबीच भिन्नता रहेको प्रमाणित हुन्छ ।

१६. लैङ्गिक दृष्टिले समग्र उत्पादनात्मक मध्यमानलाई आधार बनाई हेर्दा छात्र भन्दा छात्रा उत्पदनात्मक शब्दभण्डार क्षमतामा केही अगाडि देखिन्छन् । तर पनि z परीक्षणबाट तुलना गर्दा छात्र र छात्राबीच खासै अन्तर नरहेको सिद्ध भएको छ ।

१७. समग्र उत्पादनात्मक मध्यमानलाई आधार बनाएर हेर्दा निजी विद्यालयका भन्दा सरकारी विद्यालयका विद्यार्थी शब्दभण्डार क्षमतामा बढी देखिन्छन् । यहाँ दुवै विद्यालयका विद्यार्थीहरूबीच उत्पादनात्मक शब्दभण्डार क्षमतामा व्यापक अन्तर देखिएको छ । z परीक्षणबाट तुलना गरेर हेर्दा z को गणनीय मान ३.८६ आएबाट सरकारी र निजी विद्यालयका विद्यार्थीबीच खास अन्तर रहेको प्रमाणित हुन्छ ।

१८. समग्र उत्पादनात्मक शब्दभण्डारमा भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलो भाषा हुने विद्यार्थी र नेपाली दोस्रो भाषा हुने विद्यार्थीमा खास अन्तर रहेको छ । मध्यमानलाई आधार मान्दा दोस्रो भाषि विद्यार्थीको तुलनामा नेपाली पहिलो भाषा हुने विद्यार्थी केही अगाडि देखिन्छन् । z परीक्षणबाट तुलना गरेर हेर्दा पनि दुवै समूहका विद्यार्थीबीच खास अन्तर रहेको पुष्टि हुन्छ ।

१९. कक्षा ६ को हाम्रो नेपाली कितावमा प्रयुक्त शब्दभण्डारमा विद्यार्थीहरूको क्षमता स्पष्ट रूपमा दर्साउन प्रतिशतका आधारमा हेर्दा यस्तो स्थिति रहेको पाइन्छ ।

प्रतिशतको आधारमा हेर्दा समग्र शब्दभण्डार क्षमतामा उपल्लो श्रेणी र मध्यम श्रेणीमा क्रमशः ७५/७५ जना विद्यार्थी रहेका छन् भने तल्लो श्रेणीमा ३० जना विद्यार्थी रहेका छन् । उपल्लो र मध्यम श्रेणीमा ४१.६६ प्रतिशत र ४१.६६ प्रतिशत विद्यार्थी रहनु भनेको त्यति उत्साहजनक स्थिति भने होइन । १६.६६ प्रतिशत विद्यार्थी ४० प्रतिशत भन्दा कम ल्याउने छन् ।

पहिचानात्मक शब्दभण्डार क्षमतामा हेर्दा भने बहुसंख्यक विद्यार्थी (५५ प्रतिशत) प्रथम श्रेणीमा परेका छन् भने ४१.१ प्रतिशत विद्यार्थी मध्यम समूह र ३.८८ प्रतिशत विद्यार्थी तल्लो श्रेणीमा परेका छन् ।

उक्त तथ्यलाई  आधार बनाउँदा विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता सन्तोषजनक देखिन्छ ।

उत्पादनात्मक शब्दभण्डार क्षमता हेर्दा बहुप्रतिशत (३५.५५ प्रतिशत) विद्यार्थी मध्यम श्रेणीमा रहेका छन् भने प्रथप श्रेणी र तल्लो श्रेणीमा क्रमशः ३२.२२ प्रतिशत र ३२.२२ प्रतिशत विद्यार्थी रहेका छन् । जसले गर्दा उत्पादनात्मक शब्दभण्डार सामर्थ्यमा विद्यार्थीको कमजोर अवस्था रहेको मान्न सकिन्छ ।

यसरी हेर्दा समग्र शब्दभण्डारमा ४१.६६ प्रतिशत, पहिचानात्मकमा ५५ प्रतिशत र उत्पादनात्मकमा ३२.२२ प्रतिशत विद्यार्थी प्रथम समूहमा परेको देखिन्छ भने समग्रमा १६.६६ प्रतिशत, पहिचानात्मकमा ३.८८ प्रतिशत र उत्पादनात्मकमा ३२.२२ प्रतिशत विद्यार्थी तेस्रो अथवा तल्लो समूहमा रहेको देखिन्छन् ।

तुलनात्मक रूपमा पहिचानात्मक शब्दभण्डार क्षमतामा विद्यार्थीको स्थिति राम्रो देखिन्छ । समग्र परिणामलाई हेर्दा पाठ्यपुस्तकमा राखिएको शब्दभण्डारमा विद्यार्थीहरूको क्षमता कमजोर नै छ भन्ने कुराको पुष्टि हुन्छ ।

## ५.२ सुझावहरू

१. भाषिक व्यवहारलाई सक्षम तुल्याउन सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चार भाषिक सीपको विकासमा जोड दिन भाषा पाठ्यपुस्तकमा उपयुक्त शब्दभण्डार समावेश गराउनु पर्छ ।

२. पाठ्यक्रमले तोकेको विषयवस्तुलाई पाठ्यपुस्तकले समेटेको भए पनि विषयवस्तुको स्तरण सरल वा जटिलताको क्रममा मिलाएर राख्नुपर्ने आवश्यकता देखिन्छ ।

३. भाषापाठ्यपुस्तक निर्माण गर्न शब्दहरूको चयन गर्दा छनोट र स्तरणलाई विशेष ध्यान दिनुपर्छ भने विद्यार्थीहरूको रुचि, क्षमता, स्तर र आवश्यकतालाई पनि त्यत्तिकै ध्यान दिनुपर्दछ ।

४. शब्दभण्डार चयन गर्दा दैनिक जीनवमा उपयोगमा आउने र पूर्व शैक्षणिक अनुभवसँग सम्बन्धित शब्दको छनोट र समावेशको आवश्यकता देखिन्छ ।

५. भाषा पाठ्यपुस्तक निर्माण मा शब्दछनोट गर्दा आवृत्ति, विस्तारण, प्राप्यता र व्यापन तथा शैक्षणिक, मनोवैज्ञानिक सबै आधारहरूलाई उपयोग गर्नुपर्दछ ।

६. भाषा पाठ्यपुस्तकको निर्माणमा शब्दभण्डारको महत्त्वपूर्ण भूमिका हुने हुँदा कक्षागत शब्दभण्डारको विस्तृत अध्ययन गरेर मात्र पाठ्यपुस्तक निर्माण गर्नु उचित ठानिन्छ ।

७. पाठ्यपुस्तकमा शब्दहरूको चयन गर्दा क्षेत्र, लिङ्ग, भषिक पृष्ठभूमि, स्थानीयता, उमेर समूह, विद्यालयको स्वरूप आदि पक्षहरूलाई ध्यानमा राखि पाठ्यपुस्तकमा शब्दभण्डारको प्रयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

८. पाठ्यपुस्तक निर्माण गर्दा पर्यायवाची, विपरितार्थक, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, पारिभाषिक, तथा प्राविधिक शब्द, अनुकरणात्मक शब्द, उखान टुक्का, आदि क्षेत्रअन्तर्गत अभ्यास खण्डहरूलाई पाठ्यपुस्तकमा समावेश गराउनुपर्ने र पाठ्यक्रमको उद्देश्य पूरा गर्ने हिसाबले पाठ्यपुस्तक तयार गर्नुपर्ने देखिन्छ ।

९. प्राथमिक तहमा पाठ्यपुस्तक निर्माण गर्दा भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार चयन गरी छुट्टाछुट्टै पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ ।

१०. भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने शब्दहरूको पर्याप्तता, उपयुक्तता तथा उपयोगिताको अध्ययन अनुसन्धान गरेर मात्र शब्द समावेश गर्नुपर्ने देखिन्छ ।

११. कतिपय निजी विद्यालयहरूले नेपाली भाषा पाठ्यपुस्तकको शिक्षणलाई कम महत्त्व दिने र अन्य विषयहरूलाई अँग्रेजी माध्यमबाट शिक्षण गराइनुले विद्यार्थीहरूको शब्दभण्डार क्षमता कम भएको पाइएको छ । यसको लागि नेपाली भाषा पाठ्यपुस्तक शिक्षण गर्दा विद्यार्थीहरूलाई बढीभन्दा बढी अभ्यासमा प्रोत्साहित गर्ने र भाषिक सीप विकास गराउने भषा शिक्षण विधिको उपयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

१२. बालबालिकाहरूमा आवश्यकताअनुसार उपयुयक्त विधिको छनोट गरी नयाँ र जटिल शब्दहरूलाई प्रयाप्त अभ्यास गराउँदै शब्दभण्डार क्षमताको विकासमा महत्त्व दिनुपर्ने देखिन्छ ।

१३. सहरी विद्यालयका विद्यार्थीभन्दा गाउँका विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर पाइएको तथ्याङ्क अनुरूप गाउँका विद्यालयका विद्यार्थीहरूलाई बढीभन्दा बढी सहायक पाठ्यपुस्तकहरू उपलब्ध गराई अभ्यासमा निरन्तरता दिनुपर्ने आवश्यकता देखिन्छ ।

यो अध्ययन पाठ्यपुस्तकबाट सिकेका शब्दभण्डारमा मात्र सिमीत भएको हुनाले कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको नेपाली भाषाका समग्र शब्दभण्डारसम्बन्धी अनुभव आँकलन गर्न सकेको छैन । तसर्थ सबैपक्ष समेटिने गरी थप अध्ययन हुनुपर्दछ । तर यसबाट के भन्न सकिन्छ भने कक्षा ६ पूरा गरेका विद्यार्थीको शब्दभण्डार क्षमता प्रयाप्त सन्तोषजनक छैन । अव पाठ्यपुस्तक निर्माण गर्ने क्रममा बालबालिकासँग सम्बन्धित सम्पूर्ण पक्षको व्यापक अनुसन्धान गरी प्रथम भाषा र दोस्रो भाषाका बीचको दूरी वा निकटता , पारिवारिक समता, वातावरणीय समस्या जस्ता कुराहरूलाई समानुपातिक महत्त्व दिएर तहगत वा कक्षागत रूपमा शब्दहरूको उपयुक्त चयन गरेर पाठ्यपुस्तक निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ । पहिलो भाषाभाषी र दोस्रो भाषाभाषीका लागि छुट्टाछुट्टै आधारभूत शब्दावलीको छनोट गरी पाठ्यपुस्तक निर्माण गर्नु उपयुक्त हुनजाने देखिन्छ ।

## ५.३ शैक्षणिक प्रयोजन

यस शोधार्थीले प्रस्तुत अध्ययनका निम्नलिखित शैक्षिक प्रयोजन अनुभव गरेको छः

१. यस अध्ययनबाट विद्यालय तहमा नेपाली भाषा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।

२. पाठ्यपुस्तकमा राखिएका शब्दभण्डारमा सुधार ल्याउन सघाउ पुग्दछ ।

३. भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने शब्दहरूको छनौट र स्तरण गर्नुपर्ने कुरालाई महत्त्व दिन्छ ।

४. यस अध्ययनले कक्षा ६ को हाम्रो नेपाली किताबमा रहेका शब्दहरूको कठिनाईस्तर पत्ता लगाउन सहयोग पुऱ्याउँछ ।

५. यस अध्ययनले सम्बन्धित व्यक्ति तथा निकायलाई भाषा पाठ्यपुस्तकमा समावेश गरिने शब्दहरू, अभ्यासहरू तथा भाषिक सीप विकासका अन्य पक्षहरूमा क्षेत्र, लिङ्ग, स्थानीयता, भाषिक पृष्ठभूमि आदि कुराको ख्याल गर्नुपर्ने आवश्यकता बोध गराउँछ ।

६. यस अध्ययनले शिक्षकलाई नेपाली शिक्षण गर्दा कक्षा छ उत्तीर्ण विद्यार्थीहरूको शब्दभण्डार क्षमता पहिल्याई पठन पाठन गर्न सघाउ पुऱ्याउँछ ।

७. पाठ्यपुस्तकको उपयुक्तता र अनुपयुक्तताका आधारमा पाठ्यपुस्तकको मूल्याङ्कन गर्न सघाउ पुऱ्याउँछ ।

८. शिक्षकलाई उपयुक्त विधि प्रयोग गरी प्रभावकारी शिक्षण गर्नुपर्नेतर्फ सचेत गराउँछ ।

९. नेपाली भाषा शिक्षण गर्दा विषयशिक्षकले अपनाउनुपर्ने सचेतताका बारेमा जानकारी गराउँछ ।

१०. विद्यालय स्तरका विद्यार्थीहरूमा नेपाली भाषाको शब्दभण्डार क्षमता बढाउनु आवश्यक सतर्कताका बारेमा पनि प्रस्तुत अध्ययनले सङ्केत गरेको छ ।

११. विद्यालय तहका विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको महत्त्वका बारेमा प्रस्तुत अध्ययनबाट स्पष्ट गरिएको छ ।

१२. विद्यार्थीहरूको शब्दभण्डार क्षमता जस्तै अन्य भाषिक सीपसँग सम्बन्धित नयाँ अनुसन्धान गर्न प्रस्तुत अध्ययनले भावी अध्येताहरूलाई प्रेरित गर्ने देखिन्छ ।

### ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. प्राथमिक स्तरका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको अध्ययन

२. छनोट र स्तरणका दृष्टिले कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषण

३. शब्दभण्डार छनोट तथा स्तरणका दृष्टिले निम्न माध्यमिक स्तरीय पाठ्यक्रमको मूल्याङ्कन

४. निम्न माध्यमिक स्तरमा अध्ययनरत विद्यार्थीहरूको मोखिक शब्दभण्डारको अध्ययन

५. कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

६. नेपाली दोस्रो भाषा हुने निम्न माध्यमिक तहका विद्यार्थीहरूको नेपाली शब्दभण्डारको अध्ययन

७. प्रमाणपत्र तहमा अध्ययनरत विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययन

८. निजी तथा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमतासम्बन्धी तुलनात्मक अध्ययन

९. निम्न माध्यमिक स्तरका विद्यार्थीहरूको उत्पादनात्मक नेपाली शब्दभण्डार सम्बन्धी अध्ययन ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०५०), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : कुञ्जन प्रकाशन ।

………… (२०६२), **समसामयिक नेपाली व्याकरण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

…………(२०६२), **सामाजिक तथा प्रायोगिक भाषा विज्ञान,** काठमाडौँ : रत्नपुस्तक भण्डार ।

………. (२०५९), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज तथा केदारप्रसाद शर्मा (२०५६), **प्रारम्भिक नेपाली शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, होमप्रसाद (२०५४), **कक्षा ५ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,** (एम.एड. शोधपत्र, त्रि.वि., कीर्तिपुर) ।

अधिकारी, केशवराज (२०६०), **कक्षा आठ पूरा गरेका द्यिार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,** (एम.एड्. शोधपत्र, त्रि.वि., कीर्तिपुर) ।

अधिकारी, अञ्जली (२०६०), **कक्षा दुईको मेरो नेपाली किताब र नयाँ नेपाली शृङ्खला तथा सजिलो नेपाली मालामा प्रयुक्त शब्दभण्डारको अध्ययन** (एम.एड. शोधपत्र, त्रि.वि., कीर्तिपुर) ।

अर्याल, अन्जु (२०६२), **कक्षा सात पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन** (एम.एड. शोधपत्र, त्रि.वि., कीर्तिपुर) ।

अन्तरिम संविधान, २०६३ ।

कार्की, बद्रीकुमार, (२०६०), **नेपाली निष्कर्ष व्याकरण,** प्रकाशक (लेखक स्वयम्) ।

ढुङ्गेल, भोजराज तथा दुर्गाप्रसाद दाहाल, (२०५६), **भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,** भोटाहिटी : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

निरौला, दीपकबाबु (२०६२), **कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निवन्धलेखन क्षमताको अध्ययन,** (एम.एड. शोधपत्र, त्रि.वि., कीर्तिपुर)

पराजुली, कृष्णप्रसाद (२०५७), **भाषाको माया,** काठमाडौँः रत्नपुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०४६), **राष्ट्रभाषा,** काठमाडौँः साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (सं) र अन्य (२०४६), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ, ने. रा. प्र. प्र.

पौड्याल, कृष्णविलास (२०६१), **भाषा विज्ञान,** काठमाडौँः साझा प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०५९), **निम्न माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दावलीको अध्ययन** (विद्यावारिधि शोधपत्र), शिक्षाशास्त्र, त्रि.वि. ।

भट्टराई,बालकुमारी (२०६०), **कक्षा ९ को नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन** (स्नातकोत्तर शोधपत्र) त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६०), **प्राथमिक तह (कक्षा १–३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण** (विद्यावारिधि शोधपत्र), शिग्क्षाशास्त्र, त्रि.वि. ।

भण्डारी, पारसमणि, (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,** कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

यादव, योगेन्द्र, भिमनारायण रेग्मी (२०५८), **भाषा विज्ञान,** कीर्तिपुर : न्यु हिराबुक्स इन्टरप्राइजेज ।

रेग्मी, चुडामणि  उपाध्याय (२०४७), **नेपाली भाषाको उत्पत्ति,** काठमाडौंः साभ्ना प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०५३), **सामान्य र प्रायोगिक भाषा विज्ञान तथा नेपाली भाषा,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा केदारप्रसाद तथा माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा साहित्य, शिक्षण,** कीर्तिपुर : न्यु हिराबुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०६१), **शब्दरचना, वर्णविन्यास, वाक्यतत्व, अभिव्यक्ति र पाठहरू,** भोटाहिटी : नवीन प्रकाशन ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६२), **हाम्रो नेपाली किताब कक्षा ६,** सानोठिमी : पा.वि.के. ।

## परिशिष्ट क : परीक्षणका  निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरू

## कक्षा ६ पूरा गरेका विद्यार्थीको शब्दभण्डार क्षमताको परीक्षण

**<u>विद्यार्थीसम्बन्धी जानकारी</u>**

नामः                                                    कक्षाः

उमेरः                                                   छात्र/छात्राः

मातृभाषाः

विद्यालयको नाम र ठेगानाः

प्यारा भाइबहिनीहरू,

तिमीहरूलाई समय-समयमा हुने कक्षामा हुने जाँचका बारेमा थाहै छ । तर यो जाँच त्यस्तो जाँच होइन । यस जाँचको तिम्रो परीक्षाफलसँग कुनै सम्बन्ध छैन । यस जाँचबाट कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा प्रयोग गरिएका शब्दहरू तिमीहरूले बुझ्ने खालका छन् कि छैनन् भनेर थाहा  पाउन खोजिएको हो ।

दिइएका निर्देशनअनुसार हरेक खण्डका प्रश्नहरूको उत्तर दिँदै जानुपर्नेछ ।

खण्ड “अ”

क) ठीक अर्थका अगाडि रेजा (√) चिन्ह लगाऊ :

जस्तै : अन्तरिक्ष

क) मरूभूमि  ख)Ë आकाश   ग) जमिन  घ) पहाड

१. विधाता-

क) सुरक्षा ख) सृष्टिकर्ता ग) विद्वान  घ) विख्यात

२. निश्छल-

क) निर्जन  ख) निर्लज्ज ग) निष्कपट घ) निष्पक्ष

३. व्याकुल -

क) आत्तिएको ख) मात्तिएको ग) आश्रित  घ) आलोचित

५. निरर्थक -

क) शक्ति नभएको  ख) रिस नभएको ग) अर्थ नभएको घ) भाव नभएको

६. पर्वाह-

क) पराई  ख) पराकाष्ठा  ग) चतुर  घ) चासो

७. प्रमाणित-

क) साक्षात ख) सावित ग) शासित घ) शाश्वत

८. गुजारा

क) गुजुल्टो ख) गुनासो ग) निर्वाह घ) निराशा

९. खँदिलो

क) गहकिलो ख) गालिएको ग) खोक्रिएको घ) खस्रो

१०. ट्वाल्ल

क) जिल्ल ख) सल्ल ग) जिम्मा घ) जिद्दि

११. मातृभाषा

क) सम्पर्कको भाषा ख) विद्यालयको भाषा ग) पहिलो भाषा घ) बोलचालको भाषा

१२. विसर्जन

क) क) सच्याउने काम ख) टुङ्याउने काम

ग) सजाउने काम घ) सङ्केत गर्ने काम

१३. पृथक

क) प्रथम ख) प्रपञ्च ग) अलग घ) अलप

१४. लाञ्छना

क) कलंक ख) चित्र ग) राकस घ) रङ्ग

१५. आत्मनिर्भर

क) आफ्नो मुखले गरिने ख) आफूमै निर्भर हुने

ग) आफूलाई शुद्ध राख्ने घ) आफूमा स्वतन्त्र हुने

१६. अन्तर्धान

क) अलप हुनु ख) अचानक देखिनु ग) अगाडि हिँड्नु घ) अवलोकन गर्नु

१७. भोगविलास

क) अभिप्राय ख) अभिलाशा ग) ऐसआराम घ) ऐश्वर्य

१८. तहसनहस

क) घोचिएको ख) बिथोलिएको ग) सोचिएको घ) रोकिएको

१९. देहावसान

क) देशभक्ति ख) देवलोक ग) मरण घ) मसान

२० दीक्षा

क) गुरुबाट उपदेश लिने काम ख) जोगीलाई दिइने दाम

ग) मान्छेले कमाउने नाम घ) भक्तजनले जप्ने राम

**ख) मिल्दो शब्द छानी तल दिइएका खाली ठाउँमा राख**

१. उद्योगधन्दाहरू बढेर वातावरण ........... भएको छ ।

क) सुशोभित ख) सक्षम ग) प्रदुषित घ) प्रचलित

२. मानिसहरूमा ....... भएमा नै कुनै पनि काम सजिलै सम्पन्न गर्न सकिन्छ ।

क) कौतुहलता ख) एकता ग) मान्यता घ) आस्था

३. साहित्यकार भवानी भिक्षु नेपाली कविता, उपन्यास र कथा साहितयका ...... मानिन्छन्

क) अनुकरणीय ख) अमूल्य ग) त्रिवेणी घ) प्रतिष्ठित

४. पहाडका खेतहरूमा पनि राम्रो वर्षका कारणले ..... बढी हुन्छ ।

क) आकर्षण ख) अधिँया ग) अर्मपर्म घ) आयस्ता

५. हामीले बैगुनीलाई गुनले मार्नुपर्छ भन्ने कुरा ........ भुल्नु हुँदैन ।

क) यद्यपी ख) अति ग) कदापि घ) जसै

६. वनजंङ्गल विनाश हुनुको मुख्य कारण ......... हो ।

क) वसाइसराइ ख) प्रदूषण ग) जनसङ्ख्या वृद्धि घ) हत्याहिंसा

७. ........... मानिसको गहना हो ।

क) बुद्धि ख) सच्चरित्रता ग) सुन्तरता घ) भावुकता

८. बौलाहा कुकुरको र्‍यालमा हुने जीवाणुहरू घाउमा प्रवेश गरी रगतको माध्यमबाट मानिसको .............. पुग्दछन् ।

क) पेटमा ख) मुटुमा ग) मगजमा घ) फोक्सोमा

९. देशको प्राकृतिक र साँस्कृतिक ......... जोगाउनु हाम्रो दायित्व हो ।

क) एकतालाई ख) आकर्षणलाई ग) आचारणलाई घ) आवश्वासनलाई

१०. उच्च शिखर सगरमाथामा नेपालको झण्डा ........ हामी गौरवान्वित हुन्छौं ।

क) झर्झराउँदा ख) लर्खराउँदा ग) फर्फराउँदा घ) भर्भराउँदा

११. पोहोर सालको .......... ले गर्दा किसानहरूले खेतिपाति गर्ने अवसर गुमाउनु पर्‍यो ।

क) अतिवृष्टि ख) अनावृष्टि ग) अल्पवृष्टि घ) खण्डवृष्टि

ग) उल्टो अर्थ दिने शब्दहरूलाई खाली ठाउँमा लेखी जोडा मिलाऊ ।

| | |
|---|---|
| .................. सुर | बलियो |
| ..................अविनाशी | अपमान |
| .................. अहिंसा | निन्दा |
| .................. प्रशंसा | असुर |
| ..................दयालु | संहारकारी |
| .................. नाजुक | विनाशी |
| .................. वियोग | उच्छृङ्खलता |
| .................. तन्कनु | हिंसा |
| .................. उत्सुक | निर्दयी |
| ..................सम्मान | खुम्चनु |
| ..................अनुशासन | संयोग |
| ..................पालनकारी | निरुत्साह |

घ) उस्तै पर्यायवाची अर्थ दिने शब्दहरूलाई खाली ठाउँमा लेखी जोडा मिलाऊ :

| | |
|---|---|
| ..................अग्रणी | भलाइ |
| ..................प्रार्थना | मीठो |
| ..................कल्याण | अगुवा |
| ..................आश्रम | अमूल्य |
| ..................अपार | बन्दना |
| .................. गौरव | दाग |
| ..................नित्य | फूर्ती |
| ..................मधुर | निरन्तर |
| ..................अनमोल | तपोवन |
| .................. ताइँ | अनन्त |
| ..................धब्बा | प्रतिष्ठा |
| ..................टनाटन | भरी |

खण्ड "आ"

क) तल दिइएको परिभाषाका आधारमा खाली ठाउँमा मिल्दो शब्द लेख :

१. मानिसहरूको आश्रय लिने ठाउँलाई ........................................ भनिन्छ ।

२. विर्सन नसकिने क्षणलाई ........................................ भनिन्छ ।

३. सही कुरा बोल्न नहिचकिचाउने व्यक्तिलाई ........................................ भनिन्छ ।

४. कार्यक्रम सञ्चालनसम्बन्धी घोषणा गर्नुलाई ........................................ भनिन्छ ।

५. आत्मादेखि नै आफ्नो भन्ने भावना जाग्नुलाई ........................................ भनिन्छ ।

६. पहाडबाट खसेको पानीको फोहोरालाई ........................................ भनिन्छ ।

७. बगैंचाको हेरचाह गर्ने व्यक्तिलाई ........................................ भनिन्छ ।

८. हिफाजतसँग राख्न दिएको बस्तुलाई ........................................ भनिन्छ ।

९. अरूमाथि परेको मर्कामा आफैलाई परेसरह गरिने अनुभूतिलाई ...................भनिन्छ ।

१०. आगाको रापबाट बच्न शिरमा लगाइने वस्त्रलाई ............................ भनिन्छ ।

११. निरन्तर रुपमा लागिरहने, मिहिनेती व्यक्तिलाई ................................ भनिन्छ ।

१२. हानिकारण किटाणुहरू नष्ट गरी दूध शुद्ध पार्ने पास्चरको प्रक्रियालाई ........ भनिन्छ ।

१३. दुःखद अवस्थामा कसैसँग आधार अथवा भर लिनुलाई ............................ भनिन्छ ।

१४. देवताहरू रहने धार्मिक स्थल अथवा तीर्थस्थललाई ................................ भनिन्छ ।

१५. खेतमा पानी जामाउन बनाइएको सानो डिललाई................................ भनिन्छ ।

ख) तलका शब्दहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर ।

| | |
|---|---|
| कम्पोस्टमल | प्रदूषण |
| बेसरी | पटक्कै |
| छताछुल्ल | पिल्सिनु |
| पहेँलिनु | निर्णायक |
| बेरोजगार | छक्क्याउनु |
| राजिनामा | घन्काउनु |
| ईर्ष्यालु | उब्जनी |
| छचल्किनु | |

ग) सन्दर्भको आधारमा उपयुक्त शब्द छानी खाली ठाउँ भर ।

१. प्रभुको शक्ति ........................ छ ।

२. प्राणीहरूमा मानिस सबैभन्दा ........................ सामाजिक प्राणी हो ।

३. ........................ भएर बाँच्न पाउनु मानिसको नैसर्गिक अधिकार हो ।

४. भवानी भिक्षुले सानै उमेरदेखि ........................ सेवामा रुचि देखाए ।

५. पातपतिङ्गर कुहाएर बनाइने मललाई ........................ भनिन्छ ।

६. संसारका सबै बस्तु ........................ छन् ।

७. दुर्योधन साह्रै ........................ थियो ।

८. बौलाहा कुकुरले टोकेपछि ........................ सुई लगाउनु पर्छ ।

९. हाम्रो देशको उत्तरपट्टि सानाठूला, अग्लाहोचा थुप्रै हिमालहरू ........................ रुपमा रहेका छन् ।

१० वर्षातका कारण धानवाली ........................ ।

११. हत्याहिंसा गर्न नहुने कुरा शास्त्रमा ........................ छ ।

१२. हिमाल आफू मा हाँसेको छैन हिमालसँग ........................ लाउन आउनेहरूलाई हँसाएको छ ।

१३. तुलसीमेहर श्रेष्ठ नेपालमा महान् ........................ हुन् ।

१४. कमिलाले सारौँलाई ........................ दिलायो ।

१५. पर्यटकहरू हिमाल चढ्न मन ........................ ।

## परिशिष्ट ख

## परीक्षणका निमित्त प्रयोगमा ल्याइएका विद्यालयको नामावली

**सरकारी विद्यालयअन्तर्गत**

गीतामाता उच्च मा.वि. विजेश्वरी

सीताराम उच्च मा.वि. रामकोट

पञ्चकन्या माध्यमिक विद्यालय, छाउनी

युवा सहभागिता मा.वि. सितापाइला

**निजी विद्यालयअन्तर्गत**

गणेश आवासीय मा.वि. स्वयम्भू

हारती शिक्षा मन्दिर, सितापाइला

गंगा माध्यमिक विद्यालय, कलंकी

श्री मोरल बोर्डिङ स्कूल, पाँचधारा

द पब्लिक एक्सेल, स्वयम्भू

# कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. नेपाली
दोस्रो वर्षको पाठ्यांश ५९८ को
प्रयोजनका निमित्त
प्रस्तुत
शोधपत्र

शोधकर्ता

**राधा पौडेल**

**त्रि.वि. दर्ता नं. १२६९८-९५**

**परीक्षा क्रमाङ्कः २८०५२०/०६२**

शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

२०६४

कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन – राधा पौडेल २०६४

## त्रिभुवन विश्वविद्यालय
## शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

### निर्देशकको सिफारिश पत्र

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत “कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन” शीर्षकको शोधपत्र, शोधार्थी राधा पौडेलले मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले बडो परिश्रम र लगनशीलताका साथ गर्नुभएको प्रस्तुत अध्ययन समसामयिक र मौलिक भएकाले यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिश गर्दछु ।

मितिः २०६४/ /

..............................

डा. केदारप्रसाद शर्मा

प्राध्यापक

शिक्षाशास्त्र संकाय

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि. कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय
## शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

### स्वीकृति–पत्र

**मितिः २०६४/ /**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षा विभागका छात्रा श्री राधा पौडेलले स्नातकोत्तर (एम.एड.) तहमा नेपाली विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको “कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन” शीर्षकको शोधपत्र सोही प्रयोजनका निमित्त उपयुक्त ठहरिएकाले स्नातकोत्तर उपाधिका लागि स्वीकृति प्रदान गरिएको छ।

| **क्र.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | सह-प्रा. भोजराज ढुङ्गेल (विभागीय प्रमुख) | ........................... |
| २. | प्रा.डा. रामचन्द्र लम्साल | ........................... |
| ३. | प्रा. डा. हेमाङ्गराज अधिकारी | ........................... |
| ४. | प्रा.डा. केदारप्रसाद शर्मा (शोधनिर्देशक) | ........................... |
| ५. | डा. पारसमणि भण्डारी | ........................... |

## कृतज्ञताज्ञापन

सामन्य दैनिक जीवनका अभिव्यक्तिमा सबैभन्दा बढी प्रयोग व्यवहारमा ल्याइने आधारभूत तत्व शब्द हो । भाषिक सीप विकासका सन्दर्भमा शब्दहरूको जानकारी आवश्यक र महत्त्वपूर्ण हुन्छ । भाषा शिक्षणमा शब्दभण्डार क्षमताको यथेष्ठ विकास गराउन सकिएमा नै विद्यार्थीहरूमा भाषिक कुशलता बढ्ने सम्भावना रहन्छ । उमेर अनुरूप शब्दभण्डार विकास गराउन भाषापाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका हुने हुँदा हरेक भाषा पाठ्यपुस्तकमा भाषिक सीप विकासका लागि छनौट गरिएका शब्दहरू विद्यार्थीको सामर्थ्य भित्रका छन्, छैनन् भनेर अध्ययन गर्नु आवश्यक हुन्छ । प्रस्तुत अध्ययनबाट कक्षा ६ को हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दभण्डारमा विद्यार्थीको क्षमता पहिल्याउने लघुत्तम कार्य सम्पन्न भएको महसुस गर्नुका साथै पाठ्यक्रम पाठ्यपुस्तक निर्माता तथा भविष्यमा यस क्षेत्रमा हुन सक्ने अध्ययनका लागि सहयोगी हुने आशा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तयारीका सन्दर्भमा सर्वप्रथम शोधकार्यलाई आधिकारिक रूपमा अगाडि बढाउन शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गर्दै अनुसन्धान अध्ययनमा प्रेरित गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु भोजराज ढुङ्गेलज्यूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनका क्रममा आफ्नो अमूल्य समय खर्चेर निरन्तर रूपमा आवश्यक सुझाव, सहयोग र कुशल निर्देशन दिनुहुने शोधनिर्देशक प्रा.डा. केदारप्रसाद शर्माज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शीर्षक चयन, शोधप्रस्ताव लेखन, सामग्री निर्माण तथा शोध रूपरेखा निर्धारणमा प्रेरणादायक पथप्रदर्शन गर्नुहुने आदरणीय गुरुवर प्रा.डा. हेमाङ्गराज अधिकारी तथा डा. पारसमणि भण्डारीप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी शिक्षाशास्त्र संकाय नेपाली विभागका श्रद्धेय गुरु तथा गुरुआमाहरूले अध्ययनको क्रममा प्रदान गर्नुभएको सुझाव र सहयोगको स्मरण गर्दै उहाँहरूप्रति पनि हृदयतः कृतज्ञता प्रकट गर्दछु ।

जीवनका विभिन्न दुःख र अप्ठ्याराहरूसँग सङ्घर्ष गर्दै शिक्षा क्षेत्रमा वर्तमान क्षणसम्म हार्दिक उत्प्रेरणा प्रदान गर्नुहुने ममतामयी माता गंगादेवी पौडेल र दाजु किरण पौडेलप्रति कृतज्ञ छु । व्यस्तताका बाबजुद पनि पर्याप्त समय उपलब्ध गराई निरन्तर रूपमा प्रेरणा, सहयोग र हौसला प्रदान गर्नुहुने श्री राजु ढकालप्रति चीर ऋणी छु । तथ्याङ्क विश्लेषण गर्दा गणितसम्बन्धी सुझाव र सल्लाह प्रदान गर्नुहुने राजेन्द्र ढकालप्रति आभारी छु ।

शोधप्रस्ताव लेखनकार्य प्रारम्भदेखि शोधपत्र लेखन कार्यसम्म प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने आत्मीय साथी अञ्जु अर्याल, बिणा ढकाल, अभिशेष ढकाल, आदित्य पौडेल लगायत सम्पूर्ण साथीहरूप्रति पूर्णत आभारी छु । अध्ययनको क्रममा जनसङ्ख्या उपलब्ध गराइदिने विद्यालयका प्र.अ. तथा विषय शिक्षक, सामग्री उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय, सी.आर.सी. पुस्तकालय तथा पाठ्यक्रम विकास केन्द्रलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै कम्प्युटर सेटिङ्ग गरिदिने रेसुङ्गा कम्प्युटर सर्भिस, कीर्तिपुरलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग समक्ष पेश गर्दछु ।

शोधार्थी

राधा पौडेल

## विषयसूची

**पृष्ठ सङ्ख्या**

### परिच्छेद एक

### परिचय

१.१ पृष्ठभूमि १

१.२. शोधशीर्षक २

१.३. शोधप्रयोजन २

१.४. समस्याकथन २

१.५. उद्देश्यकथन २

१.६. प्राक्कल्पना ३

१.७. प्रस्तुत अध्ययनमा प्रयुक्त विशिष्ट पद तथा पदावलीहरू ३

१.८. अध्ययनको औचित्य ३

१.९. शोध सीमा ४

१.१०. अध्ययन विधि ४

१.१०.१ जनसङ्ख्या तथा नमुना ४

१.१०.२ शब्द संकलन तथा सामग्री निर्माण ४

१.१०.३ पूर्वपरीक्षण ५

१.१०.४. प्रश्न परिमार्जन तथा परीक्षा कार्यान्वयन ६

१.११. अध्ययनको रूपरेखा ७

### परिच्छेद दुई

### पूर्वकार्यको समीक्षा

२.१. निष्कर्ष १३

### परिच्छेद तीन

### शब्दभण्डारको सैद्धान्तिक अवधारणा

३.१. नेपाली भाषा १५

३.२. नेपाली भाषाको शब्दभण्डार १७

३.३. नेपाली शब्दभण्डारको वर्गीकरण १८

३.४. शब्दभण्डारको महत्त्व २२

३.५. शब्दभण्डार र भाषा पाठ्यपुस्तकको सम्बन्ध २३

## परिच्छेद चार

## व्याख्या तथा विश्लेषण

४.१. समग्रताका दृष्टिले शब्दभण्डार क्षमताको स्थिति २५

४.२. पहिचानात्मक तथा उत्पादनात्मक शब्दभण्डार क्षमताको स्थिति २८

४.३. शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको तुलनात्मक स्थिति ३५

४.३.१. समग्र शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको तुलनात्मक स्थिति ३५

४.३.२. पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको तुलनात्मक स्थिति ३७

४.४. प्रतिशतका आधारमा शब्दभण्डार क्षमताको स्थिति ४३

## परिच्छेद पाँच

## निष्कर्ष र सुझावहरू

५.१. निष्कर्ष ४५

५.२ सुझावहरू ५०

५.३ शैक्षिक प्रयोजन ५१

५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ५२

सन्र्भग्रन्थसूची

परिशिष्ट क : प्रश्नावली

परिशिष्ट खः विद्यालयको नामावली

परिशिष्ट गः शब्दहरूको सूची

# तलिकासूची

**पृष्ठ सङ्ख्या**


तालिका सङ्ख्या ४.१.१: शब्दभण्डार क्षमताको समग्र स्थिति २५

तालिका सङ्ख्या ४.१.२.: समग्र मध्यमानका दृष्टिले शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति २६

तालिका सङ्ख्या ४.२.१: पहिचानात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति २८

तालिका सङ्ख्या४.२.२.: समग्र मध्यमानका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति २९

तालिका सङ्ख्या ४.२.३.: उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति ३१

तालिका सङ्ख्या ४.२.४: समग्र मध्यमानका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति ३२

तालिका सङ्ख्या ४.३.१.१.: स्थानीयताका दृष्टिले समग्र शब्दभण्डार क्षमतामा गाउँ र सहरको तुलना ३५

तालिका सङ्ख्या ४.३.१.२: लैङ्गिक दृष्टिले समग्र शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीको तुलना ३५

तालिका सङ्ख्या ४.३.१.३.: समग्र शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको विद्यखर्थीहरूको तुलना ३६

तालिका सङ्ख्या ४.३.१.४: भाषिक पृष्ठभूमिका दृष्टिले समग्र शब्दभण्डार क्षमतामा नेपाली मातृभाषा हुने र नहुने विद्यार्थीहरूको तुलना ३७

तालिका सङ्ख्या ४.३.२.१: स्थानीयताको दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीको तुलना ३७

तालिका सङ्ख्या ४.३.२.२.: लैङ्गिक दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा छात्र र छात्रको तुलना ३८

तालिका सङ्ख्या ४.३.२.३: सरकारी र निजी विद्यालयका विद्यार्थीको पहिचानात्मक शब्दभण्डार क्षमताको तुलना ३९

तालिका सङ्ख्या ४.३.२.४: भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको तुलना ४०

तालिका सङ्ख्या ४.३.२.५.: स्थानीयताका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीबीचको तुलना ४०
तालिका सङ्ख्या ४.३.२.६: लैङ्गिक दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा छात्र र छात्राबीचको तुलना ४१
तालिका सङ्ख्या ४.३.२.७: उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ४२
तालिका सङ्ख्या ४.३.२.८: भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूको तुलना ४२

## परिशिष्ट ग

### कक्षा ६ को  पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरूको सूची

| | |
|---|---|
| अखण्ड | अन्तर्धान |
| अग्रणी | अन्तरिक्ष |
| अग्रदूत | अपरम्पार |
| अग्निकवच | अपार |
| अग्निहोत्र | अवगाल |
| अटल | अभिन्न |
| अठोट | अभिरुचि |
| अडिनु | अमूल्य |
| अतिरिक्त | अमृत |
| अतिवृष्टि | अयोग्य |
| अधियाँ | अरब |
| अनमोल | अल्पवृष्टि |
| अनाज | अवगत |
| अनावृष्टि | अविनाशी |
| अनिवार्य | अविभक्त |
| अनिष्ट | अविस्मरणीय |
| अनुकरणीय | असन्तोषी |
| अनुपम | असन्तुलन |
| अनुभूति | असह्य |
| अनुमति | अशिष्ट |
| अनुमान | अहिंसा |
| अनरोध | आकर्षण |
| अनुसन्धान | आक्रोश |
| अनुशासन | आँखा |
| अनेकता | आचरण |

| | |
|---|---|
| आजीवन | उद्योगधन्दा |
| आत्मबोध | उन्नती |
| आत्मनिर्भर | उपनाम |
| आत्मीयता | उपदेश |
| आदर्श | उपद्रव |
| आदेश | उपनिवेश |
| आपत्विपत् | उपलब्ध |
| आयआर्जन | उपयोगी |
| आयस्ता | उपाधि |
| आर्यसमाजी | उब्जा |
| आली | उब्जनी |
| आशक्ति | उर्वराशक्ति |
| आश्चर्य | एकता |
| आश्वासन | एकलौटी |
| आश्रम | एकान्त / ऐतिहासिक |
| आश्रयस्थल | कट्टर |
| अंशबण्डा | कद |
| इमान्दारी | कदापि |
| इलम | कपट |
| ईष्यालु | कम्पोष्टमल / कर्तव्य |
| उचालीनु | कर्तव्यपरायण |
| उच्छृङ्खलता | कर्मशील |
| उत्सव | करुणापात्र |
| उत्सुकतापूर्वक | करुणाराशि |
| उद्घोषण | कल्पना |
| उद्देश्य | कल्याण |
| उदासीनता | कलाकौशल |

| | |
|---|---|
| | कलाविद् |
| कवितानुरक्त | गलल्लगलल्ल |
| कहालीलाग्दो | गहन |
| कारखाना | गीत |
| काव्यकला | गीता |
| काव्यधाराा | गुजारा |
| कीटनाशक | गुणी |
| कीर्ति | गुडँ |
| कूटनीतिज्ञ | गुम्सिनु |
| कोसिस | गोठालो |
| कोसेबाली | गौरव |
| कृतार्थचित्त | घट |
| कृषिमल | घन्काउनु |
| खँदिलो | घमन्डी |
| खडेरी | घरबुना/घाँसी |
| खण्डन | घोषणा |
| खरर्र | चक्रव्युह |
| खाँडी | चखाउनु |
| खातखात | चर्तुर्दन्त |
| खाद्यपदार्थ | चन्द्रमण्डल |
| खिस्रिक्क | चन्द्रबंशी |
| खुम्चनु | चन्द्रदेव |
| खैबर | चर्काउनु |
| गणितीय | चर्चित |
| गतिविधि | चराउनु |
| गम्भीर/गरिमा | चस्का |

| | |
|---|---|
| चारो | जलविहार |
| चिकित्सा | जलाशय |
| चिटिक्क | जाफल |
| चित्रकला | जायजेथा |
| चित्रण | जीवनपर्यन्त |
| चित्रकृति | जीवाणु |
| चिन्तन | जुक्ति |
| चिन्नु | जुझारु |
| चिर | झर्कोफर्को |
| चुक्ली | झरना |
| चुलिनु | झिमिक्क |
| च्वाट्ट | टनाटन |
| च्याप्प | टम्म |
| चेतना | टल्किनु |
| छक्कयाउनु | ट्वाल्ल |
| छचल्किनु | टिकाटिप्पणी |
| छुताछुल्ल | टिनटिन |
| छहारी | टुङ्ग्याउनु |
| छाड्नु | ठडिनु |
| छावा | ठ्याम्मै |
| छुवाउनु | ठोक्किनु |
| जगदीश्वर | ढैंचा |
| जनचेतना | ढोग |
| जनसंख्या | तर्क |
| जमिन्दार | तबैतारे |
| चलचर | तहसनहस |

| | |
|---|---|
| ताइँ | धब्बा |
| तापक्रम | धर्म |
| तारिफ | धर्मात्मा |
| तुच्छ | धर्मावलम्बी |
| त्रिपिटक | ध्वनी |
| त्रिवेणी | धारेहात लगाउनु |
| थकित | धूर्त |
| थचारियो | धैर्य |
| थलचर | नाजुक |
| थलो | नाडीनसा |
| दङ्ग | नाथ |
| दयनीय | नाना |
| दयालु | नामी |
| दयावान् | नासो |
| दाउ | नाशवान |
| दीक्षा | निजनिज |
| दिलाउनु | नित्य |
| दिव्य | नियन्त्रण |
| दुःखदर्द | निर्णयक |
| दुखेसो | निन्याउरो |
| दुर्गति | निरस |
| दुबो | निरर्थक |
| देवस्थल | निर्जन |
| देहावसान | निर्झर निर्झरी |
| देशभक्ति | निर्वासन |
| दृढविश्वास | निराशा |

| | |
|---|---|
| निस्पट्ट | पिर्ती |
| निस्किनु | पिरोल्नु |
| निश्छल | पीडा |
| निष्कपटता/निष्कर्ष | पुण्य |
| नेपाल-पाल | पुरातात्त्विक |
| पचपची किरिया खानु | पुस्तौंपुस्ता |
| पछ्यारिनु | पूजनीय |
| पटक्कै | पूर्वज |
| पद | प्रकट |
| पदोन्नति | प्रकृति |
| पर्यटक | प्रख्यात |
| परम्परा | प्रगति |
| परलोक | प्रचारप्रसार |
| पारवाह/पराउनु | प्रतिबन्ध |
| पराधिनता | प्रतिभा |
| परिचित/परिश्रम | प्रतिष्ठा |
| परीक्षण | प्रथा |
| पशुवली | प्रदूषण |
| पहेंलिनु | प्रदूषित |
| पाखण्ड | प्रभावित |
| पातालगङ्गा | प्रभु |
| पायक | प्रमत्त |
| पार | प्रमाणित |
| पालनकारी | प्रयत्न |
| पासा | प्रयाणगीत |
| पिल्सिनु | प्रलोभन |

| | |
|---|---|
| प्रवृत्ति | बेवास्ता |
| प्राङ्गारिकमल | बेसरी |
| प्राचीन | बोलाउनु |
| प्रार्थना | बृक्षरोपण |
| प्रिय | भजन |
| प्रेरणा | भण्डार |
| प्रेरित | भत्किनु |
| फटाफट | भयानक |
| फरर्र | भयावह |
| फर्फराउनु | भरीभरी |
| फलदायी | भक्षक |
| फलिफाप | भाग्यरेखा |
| फस्टाउनु | भावुक |
| फुत्त | भारी |
| फुर्किन | भिक्षा |
| बचोट | भुक्तशेष |
| बडाइँ | भुवनभरमा |
| बताउनु | भूमि |
| बदलिनु | भोगविलास |
| बलवान | भोग्नु/भोजन |
| बल्लतल्ल | भौतिक |
| बहिष्कार | मगज |
| बाहुबल | मध्याह्न |
| बिताउनु | मधुर |
| बुद्धत्व | मनन |
| बुद्रुकबुद्रुक | मनमुटाव |
| बेरोजगार | मन्तव्य |

| | |
|---|---|
| मनोभावना | रमझम |
| मरणान्त | रमाउनु |
| मर्यादित | रहनसहन |
| मरूभूमि | रहस्य |
| महर्षि | राजीनामा |
| महाज्ञानी | रोगन |
| महोदय | ऋचा |
| माझिनु | लखेट्नु |
| मातृभाषा | लगनशील |
| मानवता | लस्कनु |
| मापाको/मामिला | लक्षण |
| मितेरी | लक्ष्य |
| मिलनसार | लाञ्छना |
| मुकाम | लाभान्वित |
| मुक्ति | लावालस्कर |
| मुगलान | लिपिस्सै |
| मुनि | लुच्याइँ, फट्याइँ |
| मुहान | लेखा |
| मेलापात | लेखिनु |
| मेवा | वक्तव्य |
| मोह | वचन |
| मोहक | वरदान |
| मोहित | वर्गविभाजन |
| मृत | वन्यजन्तु |
| युक्ति | वाग्विलास |
| रद्द | वायुमण्डल |

| | |
|---|---|
| विकृति | शिष्य |
| विचरण | शीर्षक |
| विचलित/विचारधारा/विचित्रता | शैक्षिक भ्रमण |
| विधाता | शोक |
| विधि | शृङ्खलाबद्ध |
| विनम्र | श्रेष्ठ |
| विनय | संलग्न |
| विनाश | संलग्नता |
| विपक्षी | संयोगवश |
| विभक्त | संयोजक |
| विभूति | संस्थापक |
| वियोग | सगुन |
| विलाप | सच्चरित्रता |
| विवेक | सत्यवादी |
| विसर्जन | सद्गुण |
| विश्वास | सनाई |
| विशेषता | सन्दर्भ |
| विषवृक्ष | सन्देश |
| विषालु | सपार्नु/सभ्य |
| व्यवहार | समर्थन/समसामयिक |
| व्याकुल | समाप्त |
| व्यावहारिक | सम्पदा |
| शङ्का | सम्पर्क |
| शरण | सम्भव |
| शिथिल | सम्भावना |
| शिष्टता | सम्मान |

| | |
|---|---|
| सम्मानित | सेवामूलक |
| सर्त | सोतर |
| सरसङ्गगत | स्पष्टवक्ता |
| सलक्क | स्वच्छता |
| सहमत | स्वतन्त्रता |
| सहानुभूती | स्वार्थ |
| सहिष्णुता | स्वावलम्बी |
| साउती | स्वीकार |
| साइँदुवा | हजम गर्नु |
| साधक | हत्तपत्त |
| सामर्थ्य | हबिगत |
| साहस | हिमगौर |
| साहित्य | हर्कबढाई |
| सिकसिको | हरेस |
| सिकुटिनु | हिंसाहत्या/हिस्सा |
| सीमा | हुटहुटी |
| सुखसम्पतिदाता/सुँड | हुर्किनु |
| सुध्रनु | हुरुक्क |
| सुनौलो | हेलचेक्रयाइँ |
| सुर | होडबाजी |

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| **नाम** | **:** | **राधा पौडेल (ढकाल)** |
| जन्मस्थान | : | लेखनाथ नगरपाकिला ४, कास्की |
| जन्ममिति | : | २०३५ आषाढ |
| हालको ठेगाना | : | स्वयम्भू-१५, काठमाडौँ महानगरपालिका, काठमाडौँ । |

**शिक्षाः**

- एम.एड. नेपाली शिक्षा, शिक्षाशास्त्र सङ्काय, त्रि. वि., कीर्तिपुर ।
- बी.एड. नेपाली शिक्षा, शिक्षाशास्त्र सङ्काय, त्रि.वि., ताहाचल ।
- आइ.एड. नेपाली शिक्षा र स्वास्थ्य शिक्षा, शिक्षाशास्त्र सङ्काय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।
- एस.एल.सी. लक्ष्मी माध्यमिक विद्यालय, अर्घौं, कास्की, बोर्ड अफ नेपाल ।